का.जि.प्र.का.द.नं. १००/०५९/६०
वर्ष १९, अंक १७३
२४ साउन २०७८, आइतबार
8 August 2021, Sunday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक




# काँग्रेसलाई वैधानिकताको चिन्ता

नेपाली काँग्रेसको १४औं महाधिवेशन क्रियाशील सदस्यता वितरण विवादका कारण प्रभावित हुन पुगेको छ । अब निर्धारित भदौ १६-१९ मा महाधिवेशन नहुने निश्चित भएको छ । महाधिवेशन नहुने भएपछि काँग्रेस नेताहरु भने पार्टी वैधानिकता जोगाउने विकल्पको खोजीमा देखिन्छन् ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ साउन ।

नेपाली काँग्रेसका नेताहरु पार्टीको वैधानिकता जोगाउने विकल्पमा खोजीमा जुटेका छन् । भदौ १६-१९ मा निर्धारित महाधिवेशन नहुने निश्चित भएपछि काँग्रेस पार्टी वैधानिकता जोगाउने विकल्पमा जुटेका हुन् । संविधानले साढे पाँच वर्षभित्र पार्टीको महाधिवेशन अनिवार्य गराउनुपर्ने व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था अनुसार, काँग्रेसले आगामी भदौ २३ गतेभित्र महाधिवेशन गराइसक्नुपर्नेछ । काँग्रेसको विधानले भने हरेक चार वर्षभित्र महाधिवेशन गराउनुपर्ने हुन्छ । तर डेढ वर्ष बितिसक्दा पनि काँग्रेसको महाधिवेशन हुन सकेको छैन । महाधिवेशन गराउनुपर्ने चार वर्षमा काँग्रेसले विभाग समेत गठन गरेको थिएन । दुई महिनाभित्र गठन गरिसक्नुपर्ने विभागहरु काँग्रेस सभापति शेरबहादुर देउवाले चार वर्ष पुग्न लाग्दा मात्रै गठन गरेका थिए । विभाग गठनमा समेत एकमत हुन नसकेको काँग्रेसको महाधिवेशनलाई विश्वव्यापी कोरोना महामारीले असर गर्‍यो ।

महामारीबाट जोगिने चिन्ता भइरहेका बेला गएको ५ पुसमा प्रधानमन्त्रीको हैसियतमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरे । यसपछि संवैधानिक र राजनीतिक संकट देखियो । काँग्रेस पनि संसद् पुनर्स्थापनाको पक्षमा सडकमा उत्रियो । यसले महाधिवेशनको एजेण्डा भने ओझेलमा पर्‍यो । ११ फागुनमा संसद् पुनर्स्थापना भएपछि फेरि सत्ता केन्द्रीय गतिविधि कायमै रह्यो । राजनीतिक निकास निस्कन नसक्दा फेरि ओलीले ७ जेठमा दोस्रो पटक प्रतिनिधिसभा विघटन गरे । बाँकी पृष्ठ २ मा

# एसईईको नतिजा सार्वजनिक

## कक्षा-१२ को परीक्षा स्थगित

कोरोना महामारीका कारण यसपटक पनि माध्यमिक परीक्षा परीक्षा (एसईई) को नतिजा विद्यालयले दिएको मूल्याङ्कनका आधारमा सार्वजनिक भएको छ ।



**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, २३ साउन ।

कोरोना महामारीका कारण गत वर्ष जस्तै यसपटक पनि आन्तरिक मूल्याङ्कनलाई प्रमाणित गरेर राष्ट्रिय परीक्षा बोर्डले २०७७ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा प्रकाशित गरेको छ । बोर्डको शनिबार बसेको बैठकले चार लाख ८४ हजार २७८ विद्यार्थीको नतिजा सार्वजनिक गर्ने निर्णय गरेको हो ।

नतिजा सार्वजनिक गर्दा बोर्डले यस वर्ष पनि कति विद्यार्थीले कुन जिपिए पाए भन्ने विवरण भने सार्वजनिक गरेको छैन । नतिजा सार्वजानिक गर्दै परीक्षा नियन्त्रक रुद्रप्रसाद अधिकारीका अनुसारले भने, "यस वर्ष बोर्डले कति विद्यार्थीले कुन जिपिए ल्याए भने छुट्याएनौं, जिल्लाबाट प्रमाणीकरण भएर आएको मूल्याङ्कनको नतिजालाई नै बोर्डले प्रमाणीकरण गरेको छ ।"

विद्यार्थी अध्ययन गरेकै विद्यालयले दिएको प्राप्ताङ्क संकलन गरेर बोर्डले प्रमाणित गरेको हो । गएको वर्षजस्तै यसपटक पनि कोरोना महामारीका कारण भौतिक उपस्थित गराएर परीक्षा सञ्चालन भएन ।

नतिजा प्रकाशन भएपछि विद्यार्थीलाई पुनर्योग गराउने, उत्तरपुस्तिका हेर्ने, पुनःपरीक्षण गराउने र पूरक ग्रेडवृद्धि परीक्षा सञ्चालन सम्बन्धी भने नहुने भएको छ । बोर्डले व्यक्तिगत विवरणमा त्रुटि भएकाको हकमा भने ३५ दिनभित्र जिल्लास्थित शिक्षा तथा समन्वय इकाइमा निवेदन दिनुपर्ने व्यवस्था गरेको छ ।

परीक्षा स्थगित

शनिबारकै निर्णयबाट कक्षा १२ को परीक्षा भने स्थगित भएको छ । साउन ३१ गतेदेखि भदौ ९ गतेसम्म हुने परीक्षा स्थगित गर्ने निर्णय बोर्डले गरेको हो । परीक्षा आउन एक हप्ता बाँकी हुँदा बोर्डको बैठकले अन्तिम तयारी पूरा गरिसकेको परीक्षा स्थगन गर्ने निर्णय गरेको बोर्डका परीक्षा नियन्त्रक कृष्ण शर्माले बताए ।

कक्षा ११ को परीक्षा हाल भौतिक रूपमा होम सेन्टरमा सञ्चालन भइरहेको अवस्थामा बोर्डले कक्षा १२ को परीक्षा स्थगन गर्ने निर्णय गरेको छ । परीक्षा नियन्त्रक शर्माका अनुसार कक्षा ११ को परीक्षा ९० प्रतिशत सकिएको र यता कोरोना सङ्क्रमण बढ्दै गएको अवस्थामा कक्षा १२ को परीक्षा भने स्थगन गर्ने निर्णय भएको छ । परीक्षा कहिले कसरी सञ्चालन हुन्छ भन्नेबारेमा बोर्डको अर्को बैठकले निर्णय गरी परीक्षा सञ्चालन हुनुभन्दा १५ दिन अगाडि नै सूचना सार्वजनिक गरिने उनको भनाइ थियो ।

स्वाथ्यराज्यमन्त्री उमेश श्रेष्ठले कोरोना सङ्क्रमण बढ्दै गएकाले भौतिक रूपमा परीक्षा सञ्चालन नगरी आन्तरिक मूल्याङ्कनबाट गर्ने बताए । त्यसपछि स्वास्थ्य मन्त्रालयको सिफारिशमा कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सिसीएमसी) ले कोरोना संक्रमण बढ्दै गएको कारण देखाउँदै तत्काल परीक्षा गर्न नसक्ने भन्दै बोर्डलाई नयाँ मिति तय गर्न पत्राचार गरेपछि बोर्डले परीक्षा स्थगन गर्ने निर्णय गरेको हो ।

विद्यार्थी सङ्गठन र अभिभावकले सबै परीक्षार्थी र परीक्षामा संलग्न सबैलाई कोभिडविरुद्धको खोपको व्यवस्थापन गर्न, व्यवस्थापन गर्न नसक्ने भए स्थगन गर्न माग गर्दै आएका थिए । कक्षा १२ मा तीन लाख ७२ हजार ३४८ परीक्षार्थीका लागि बोर्डले चार हजार ३१० परीक्षा केन्द्र निर्धारण गर्दै होम सेन्टरमा सुरक्षित भएर परीक्षा सञ्चालन गर्न सकिने गरी तयारी अन्तिम चरणमा पुर्‍याएको बताउँदै आएको थियो । परीक्षा बोर्डले यसपटक १०० पूर्णाङ्ककै परीक्षा गराउने गरी भौतिक दूरी कायम गर्दै एउटा कक्षामा २५ जनामात्रै विद्यार्थी राखेर परीक्षा सञ्चालन गर्ने तयारी गरेको थियो ।

बोर्डले परीक्षाको सबै तयारी पूरा गरिसकेको र परीक्षा अगावै सबै परीक्षार्थीलाई खोपको व्यवस्थापन गरी परीक्षा केन्द्रहरूमा हेल्थ डेस्कको व्यवस्था गर्न स्वास्थ्य मन्त्रालयलाई आग्रह गरेका थिए ।

बोर्डले सबै तयारी पूरा गरेको, विद्यार्थी पनि सुरक्षितरूपमा परीक्षा दिन तयार भएको र कक्षा ११ को परीक्षा भौतिकरूपमा होम सेन्टरमा अहिले पनि चलिरहेको बताएको छ । बोर्डले गत वर्ष परीक्षा समय र अङ्कभार घटाएर परीक्षा लिएको थियो । बोर्डले ४० प्रतिशत मूल्याङ्कनका लागि मात्रै परीक्षा लिएको थियो । बाँकी ४० प्रतिशत मूल्याङ्कन कक्षा ११ को नतिजाका आधारमा र २० प्रतिशत आन्तरिक मूल्याङ्कनको आधारमा परीक्षा भएको थियो । यस वर्ष परीक्षा अब कसरी र कहिले हुन्छ भन्ने अन्योल शुरु भएको छ ।

# कामदारको आवासमा उदासिनता मलेसियालाई महँगो पर्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ साउन

नेपाली कामदारको प्रमुख रोजगार गन्तब्य मानिने मलेसियामा कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण मृत्यु हुनेको संख्या शनिबार दश हजार नाघेको छ । लामो समय कोरोना भाइरसलाई नियन्त्रणमा राखेको मलेसियामा पछिल्ला दिनमा कोरोना संक्रमणको फैलावट अनपेक्षितरुपमा बढेको त्यहाँका सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् ।

त्यहाँ शनिबारसम्म १२ लाख ४३ हजार ८ सय ५३ जना संक्रमित भएका छन् भने मृत्यु हुनेको संख्या १० हजार ३ सय ८९ रहेको छ । मलेसियाको स्वास्थ्य सेवा विभागका महानिर्देशक डा नुर हासिमले अघिल्लो वर्ष सन् २०२० मा जम्मा ४ सय ७१ जनको मृत्यु भएकोमा यस वर्षको ८ महिनामा मात्रै ९ हजार ९ सय १८ जनाको मृत्यु भएको र संक्रमितहरु बढ्ने क्रम नघटेको बताए ।

मलेसियाको राजधानी क्वालालम्पुर, छिमेकी सेलाङगोर, केदाह, सवाह, जोहर, लुवानका विदेशी कामदार बस्ने उद्योगका होस्टल, अवैध आप्रवासी कामदार राखिएका डिटेन्सन सेन्टर, शिक्षण संस्था र धार्मिक कलष्टरहरु कोरोनाका 'हट स्पष्ट'का रुपमा देखिएको स्थानीय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् ।

स्थानीय सञ्चारमाध्यमहरुका अनुसार विदेशी कामदार बस्ने होस्टल, अवैध आप्रवासी कामदार बस्ने डिटेन्सन सेन्टर साँघुरा र पर्याप्त हावा खेल्न नपाउने रहेका छन् । जुन संक्रमण फैलावटका दृष्टिले बढी संवेदनशील देखिएका छन् ।

पछिल्ला दिनमा मलेसियामा मुख्यगरी सुरक्षागार्डको रोजगारीमा रहेका नेपाली कामदारहरुको पनि मृत्युको संख्या बढेको छ । पछिल्लो एक महिनामा कोरोना संक्रमणका कारण ३८ जना नेपाली कामदारको मृत्यु भएको नेपाली मलेसियास्थित नेपाली दूतावासले जानकारी दिएको छ ।

सञ्चारमाध्यमहरुले आप्रवासी कामदारहरुको वासस्थानमा सुधार नगर्ने हो भने कोरोनाविरुद्धको खोपका वावजुद संक्रमणलाई नियन्त्रणमा लिन नसकिनेमा जोड दिएका छन् ।

अमेरिकाको भन्सार तथा सीमा सुरक्षा निकाय (सीबीपी) ले स्वदेशी तथा विदेशी कामदार हरुको कार्यस्थल र आवासको उचित व्यवस्थापन नभएको भन्दै आलोचना गरेको छ । उसले कामदारको आवास लगायतका विषयमा उचित प्रवन्ध नगरिए उत्पादन आयात रोक्ने चेतावनीसमेत दिँदै आएको छ ।

मलेसियाको श्रम तथा कानून विभागका निर्देशक जीनियाकोबले आप्रवासी कामदारको बसोबासमा तोकिएको मापदण्ड पूरा नगर्ने रोजगारदातालाई सरकारले कडा कारबाही गर्ने भन्दै मलेसियाको आवास सम्बन्धी न्यूनतम मापदण्ड, १९९० अनुरुप विदेशी कामदारको आवासको प्रवन्ध गर्न आग्रह गरेका छन् ।

उनले आवासको न्यूनतम मापदण्ड पूरा नगर्ने रोजगारदाताहरुलाई ५० हजार रिंगिटसम्म जरिवाना वा एक वर्ष जेल सजाय वा दुवै हुन सक्ने चेतावनी दिएका छन् । तर पनि रोजगारदाताहरुले लगानी बढ्ने भन्दै आप्रवासी कामदार हरुका लागि बस्ने उचित प्रवन्ध गरिरहेका छैनन् । विदशी कामदार बस्ने होष्टल साँघुरा भएका कारण अत्यन्तै भिडभाडयुक्त रहने र धेरै जनाले प्रयोग गर्ने एउटा शौचालय त्यो पनि राम्रो अवस्थामा नरहने बताइएको छ ।

**वैदेशिक रोजगार विशेष**

## कुवेतमा नेपाली कामदारले पनि खोप पाउने

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २३ साउन

वैदेशिक रोजगारीमा कुवेतमा रहेका नेपाली कामदारहरुले सहजरुपमा कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोप लगाउन पाउने भएका छन् । कुवेतको स्वास्थ्य मन्त्रालयले केही समयको अन्तरालमा करिब ७० प्रतिशतलाई खोप उपलब्ध गराइने बताएको छ ।

हाल दैनिकरुपमा १ लाखले खोप पाइरहको पनि मन्त्रालयले जानकारी दिएको छ । कुवेतमा फाइजर र अक्सफोर्ड, जोन्सन एन्ड जोन्सन खोपलाई आधिकारिक मान्यता दिइएको छ ।

कुवेतले नेपालसहित ५ देशका नागरिकलाई कोभिड संक्रमणको उच्च जोखिममा रहेको भन्दै अर्को सूचना नभएसम्म आफ्नो देशमा प्रवेश प्रतिबन्ध लगाएको छ । कुवेतले नेपालसहित भारत, पाकिस्तान, बगलादेश र श्रीलंकाकालाई उच्च जोखिमको सूचीमा राखेको छ । कुवेतको पछिल्लो निर्णयले नेपालबाट रोजगारीमा कुवेत जाने र घर फर्किने कामदारहरुलाई समस्या परेको बताइएको छ ।

# सत्तारुढको सकस

नेकपा एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल समूहले सरकारमा सहभागी नहुने निर्णय गरिसकेपनि सतारुढ गठबन्धनले सरकारलाई पूर्णता दिन सकेको छैन ।



**दीपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २३ साउन ।

प्रधानमन्त्री नियुक्त भएको एक महिना पुग्न लागेपनि मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन । प्रधानमन्त्री शेरबहादुर देउवाले अहिले पनि चार मन्त्री लिएर सरकार चलाइरहेका छन् । शक्ति सन्तुलन मिलाउन नसक्दा कोरोना महामारीका बेला स्वास्थ्य मन्त्री समेत नियुक्त गर्न सकेका छैनन् । प्रधानमन्त्री आफैले स्वास्थ्य राज्य मन्त्री नियुक्त गरेमा पनि माफी माग्नुपर्ने अवस्था छ ।

यति बेला सत्तारुढ गठबन्धनका नेताहरुसँग मन्त्रिपरिषद् बिस्तार हुन नसक्नुको कारण बताउन सक्ने अवस्थामा समेत छैनन् । किनकि गठबन्धनका नेताहरुले नेकपा एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल समूहले बाँकी पृष्ठ २ मा

वर्षातको समयमा आइपर्ने सम्भावित विपद्बाट बचौं र बचाऔं !

- बाढी, पहिरो र डुवानको जोखिम भएका वस्तीहरूको अवस्थितिबारे जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई जानकारी गराऔं ।
- विपदे जुनसुकै बेलापनि आईपर्न सक्छ, त्यसैले पूर्व तयारी र प्रतिकार्य तयारी अवस्थामा राखौं ।
- प्रत्येक टोल वस्तीहरूमा उद्धार टोली गठन गरी आवश्यक तालिमको व्यवस्था गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मास्क अभियान शुरु

# सबैको सहयोगले मात्र कोभिड रोकथाम हुन्छ : प्रधानमन्त्री



**काठमाडौं/मस**–प्रधानमन्त्री शेरबहादुर देउवाले सबैको साझा प्रयासले मात्र कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण गर्न सकिने बताएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शनिबारदेखि शुरु गरेको 'नेपाल मास्क अभियान' सन्दर्भमा उनले दिएको भिडियो सन्देशमा सरकारको एक्लो प्रयासले मात्र कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण गर्न सम्भव नभएकाले यसमा सबैको सहयोग हुनुपर्नेमा जोड दिएका छन् । प्रधानमन्त्री देउवाले कोरोना भाइरस माहामारीको तेस्रो लहर छिट्टै हुने लक्षण देखिएको भन्दै यसप्रति सबै सजग र सचेत हुनुपर्ने बताए । उनले भीडभाड हुने कार्यक्रम नगर्न र स्वास्थ्य सुरक्षा मापदण्ड लागू गर्न सम्पूर्ण राजनीतिक दल, गैरसरकारी संस्था, निजी क्षेत्रलाई आग्रह गरे ।

प्रधानमन्त्री देउवाले अत्यन्त आवश्यक परेको बेला मात्र बाहिर निस्कन र निस्कनुअघि नाक, मुख राम्रोसँग छोप्ने गरी मास्क लगाउन सबैमा आग्रह गर्दै भौतिक दूरी कायम गर्न, बेलाबेलामा साबनुपानीले हात धुन र स्वास्थ्यसम्बन्धी मापदण्ड प्रयोग गर्न सबैमा आह्वान गरे । उनले महामारी नियन्त्रण गर्ने प्रभावकारी उपाय खोप रहेको भन्दै विभिन्न उमेर समूहलाई खोप लगाउने कार्य सरकारले जारी राखेको बताउँदै खोप लगाउँदा दूरी कायम गरी लाइनमा बस्नसमेत अनुरोध गरे ।

स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री उमेश श्रेष्ठले मास्क र खोप अभियानलाई वडावडामा स्वयंसेवक राखेर सफल पार्नुपर्छ भन्दै कोभिड-१९ महामारीले स्वास्थ्य सेवासँगै आर्थिक क्रियाकलापमा पनि गम्भीर असर पुर्‍याएको हुँदा संक्रमण नियन्त्रण गर्नका लागि खोप र जनस्वास्थ्यको मापदण्ड पालना गर्न सबैमा आग्रह गरे । सही ढंगबाट मास्क लगाउने र मास्क लगाउन उत्प्रेरित गर्नका लागि अभियान शुरु गरिएको पनि उनले जानकारी दिए । मास्कको सही प्रयोगले संक्रमण हुन दिँदैन त्यसैले मास्कको सही प्रयोग गर्नुपर्नेमा उनले जोड दिए । राज्यमन्त्री श्रेष्ठले संक्रमणबाट बचाउनका लागि खोप अभियान सञ्चालन गरेको भन्दै सबै नेपालीमा छिटोभन्दा छिटो खोप पुर्‍याउन सरकार प्रतिबद्ध रहेको जानकारी दिए । उनले निषेधाज्ञा खुकुलो भएसँगै मानिसको भीड बढेको भन्दै जनस्वास्थ्यका मापदण्ड पालना नहुँदा संक्रमण बढेर अस्पतालमा पनि बिरामी भर्ना हुने दर बढेको उल्लेख गरे ।

उनले भने, 'आवश्यकताले काम बाहिर जाँदा र खोपका लागि खोप केन्द्रमा जाँदा सबैले स्वास्थ्य मापदण्ड पालना गर्नुपर्दछ ।'

स्वास्थ्य सचिव डा.रोशन पोखरेले मास्क लगाए पनि कतिपयले बोल्दा मास्क फुकाल्ने, चिउडोमा लगाउने, सही तरिकाले मास्क नलगाउने जस्तो देखिएकाले अभियान सञ्चालन गर्नुपरेको बताए । 'मास्क आफूलाई बच्न मात्र नभएर आफ्नो परिवार, समाजलाई बचाउन महत्वपूर्ण भूमिका खेल्दछ' उनले भने, 'त्यसैले सबै नेपालीलाई अनिवार्य मास्क लगाउन आग्रह गर्न चाहन्छौं ।' उनले जनस्वास्थ्य मापदण्ड उल्लंघन भएको र मास्क लगाउन पनि हेलचर्क्याइँ गरेकाले स्वास्थ्य मापदण्ड र मास्कको महत्वबारे जानकारी गराउन अभियान गरिएको जानकारी दिए ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा आरपी बिच्छाले घर बाहिर निस्कँदा मास्क लगाएर मात्र निस्कन आग्रह गरे । उनले यही साउन २५ गतेदेखि एस्ट्राजेनिका खोप साढे १३ लाख ज्येष्ठ नागरिकलाई दोस्रो मात्राको लगाउने जानकारी दिए ।

कार्यक्रममा विश्व स्वास्थ्य संगठनका नेपाल प्रतिनिधि राजेश पाण्डवले मास्क लगाउनु आफ्नो समुदायप्रति सहयोगी बन्नु पनि रहेको बताए । सवारी साधन चलाउँदा अघि सिटबेल्ट, मोटरसाइकल चलाउँदा हेलमेटजस्तै घरबाट निस्कदा अनिवार्यरूपमा मास्कको प्रयोग गर्न आग्रह गरे । मन्त्रालयले मास्क लगाई मानिसको व्यवहारमा परिवर्तन गर्नका लागि 'महामारी नियन्त्रण र रोकथाममा मेरो प्रतिबद्धताः मास्क लगाउनु नै आजको आवश्यकता' भन्ने मूल नाराका साथ शुरु गरेको अभियान यही साउन २९ गतेसम्म सञ्चालन गरिने छ । म पनि मास्क लगाउँछु र अरुलाई पनि मास्क लगाउन प्रेरित गर्छु भन्ने सन्देश दिई कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि अभियान सञ्चालन गरिएको हो । स्वास्थ्य सेवा विभागको राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना केन्द्रका निर्देशक डा.राधिका थपलियाले मास्कबारे जनचेतना मात्र नभई मास्कले मानिसको व्यवहारमा परिवर्तन गर्नका लागि अभियान शुरु गर्न थालिएको बताइन् । कोरोना भाइरसबाट बच्नका लागि बढी प्रभावकारी उपाय भनेको नै मास्क रहेकाले यसलाई सबैले अनिवार्य लगाउनसमेत उनले आग्रह गरिन् ।

## रौतहटमा 'तपाईको मास्क खोई' अभियान

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २३ साउन

रौतहटमा कोरोना भाइरस संक्रमणको दर पुनः बढ्न थालेपछि 'तपाईको मास्क खोई' अभियान सञ्चालन गरिएको छ । कोरोनाको जोखिम नियन्त्रण गर्ने उदेश्यका साथ जिल्ला जनस्वास्थ्य कार्यालय रौतहट गौर र जिल्ला प्रहरी कार्यालयको संयुक्त आयोजनामा गौर नगरपालिका वडा नं.३ स्थित विपी चोकमा उक्त अभियान सञ्चालन गरिएको हो ।

जिल्ला समन्वय समितिका अध्यक्ष राम एकवाल राय यादवको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी इन्द्र देव यादव, गौर नगरपालिकाका नगरप्रमुख अजय कुमार गुप्ता, प्रमुख सेनानी राजन दाहाल, प्रहरी उपरीक्षक सिद्धि विक्रम शाह, सहायक प्रहरी उपरीक्षक सुर्य बहादुर सेन ओली, जिल्ला जनस्वास्थ्य कार्यालयका कार्यालय प्रमुख दिपेन्द्र कुमार राय, स्थानीय संचारकर्मीहरु, भद्र-भलादमी, बुद्धिजिवी, जनस्वास्थ्य कार्यालयका कर्मचारीहरु सहभागी भएका थिए ।

सो अवसरमा प्रहरी टोलीले बाटोमा आवत-जावत गर्ने मानिसहरुलाई रोकी 'तपाईको मास्क खोई ?,' 'मास्क र सेनिटाईजर प्रयोग गरौँ, कोभिड-१९ बाट बचौँ, नेपाल मास्क अभियान' भन्ने प्ले कार्डसहितको जनचेतनामूलक कार्यक्रम गरेका थिए । साथै मास्क नलगाएका मानिसहरुलाई कोभिड-१९ सम्बन्धी चेतनामूलक सन्देश दिइ १ सय ५० जनालाई मास्क वितरण गरिएको प्रहरी प्रमुख सिद्धि बिक्रम शाहले जानकारी दिए । जिल्लामा कोरोना संक्रमणको फैलावटको जोखिम उच्च भएपनि मानिसहरुको भीडभाड, जमघट, राजनीतिक दलको आमसभा, कार्यक्रम, उत्सव, मेलामा भने कुनै कमी आएको छैन् । यसले गर्दा कोरोनाको लहर फेरि फर्कने जोखिम रहेकोप्रति स्वास्थ्यकर्मीले चिन्ता व्यक्त गरेका छन् ।



## पाल्पा डायरी

सुशीला रेग्मी/मध्यान्ह

### तालपोखराको आम्दानी र खर्च सार्वजनिक




तालपोखरा संरक्षणका समिति रामपुर पाल्पाको सदस्यता वितरण तथा पर्यटन विभागबाट प्राप्त रकमको कार्य प्रगती एवम् आम्दानी खर्च सार्वजनिक गरिएको छ । समितिका अध्यक्ष एवम् निर्माण समितिका अध्यक्ष सागरप्रसाद देवकोटाको अध्यक्षतामा कार्यक्रम भएको हो ।

अध्यक्ष देवकोटाले गत आर्थिक वर्षमा पर्यटन विभागबाट प्राप्त ४७ लाख २३ हजार ५८ रुपैयाँ रकमबाट तालपोखरा मर्मत तथा स्तरोन्नतीको काम भएको कार्य प्रगती सुनाएका थिए ।

विभागबाट प्राप्त रकममध्ये तालपोखराको पर्खाल मर्मत तथा स्तरोन्नती लगायतका विभिन्न काममा ४० लाख ४५ हजार ३० रुपैयाँ खर्च भएको छ भने ६ लाख ७७ हजार ७५३ रुपैयाँ वचत गर्न सफल भएको अध्यक्ष देवकोटाले बताए । तालपोखरा परिसरमा ८० मिटर लम्बाई र ३.७० मिटर उचाई ढुंगाको पर्खाल तथा तीन सय मिटर लम्बाई, तीन मिटर उचाई रडको जाली सहित भित्ता ढलानको काम भएको छ । साधारण सदस्यताका लागि तीन सय र आजिवन सदस्यताका लागि दुई हजार रकम लिएर सदस्यता वितरण गर्ने कार्यक्रममा जानकारी गराइएको छ ।

कार्यक्रममा मुख्य पाहुना रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले रामपुरको पर्यटकीय तालपोखरामा डुंगा संचालन गरेर आम्दानी लिन सकिने बताउँदै सदस्यता वितरण कार्य महत्वपूर्ण रहेको बताए । रामपुर नगरपालिका वडा नं ६ का वडा अध्यक्ष हुमनाथ न्यौपानेले कार्यक्रमको सफलताको कामना गरे । तालपोखरा संरक्षण समितिका उपाध्यक्ष पुरुषोत्तम ढकालको स्वागतबाट शुरु भएको कार्यक्रमको संचालन योजना निर्माण समितिका सचिव जनक भण्डारीले गरेका थिए ।

### कृषि व्यवसायको अनुगमन



रामपुर नगरपालिका भित्रका विभिन्न व्यवसायको अनुगमन गरिएको छ । नगरपालिकाले युवा स्वरोजगार कार्यक्रमबाट व्याज अनुदान प्रस्ताव पेश गरेका वा अनुदान प्राप्त गरिसकेका युवा उद्यमीहरुको व्यवसाय अनुगमन गरिएको हो । नगर प्रमुख रमणबहादुर थापाको नेतृत्वमा तरकारी, बंगुरफार्म, भैंसी, गाईपालन, हाँस, कुखुरा व्यवसाय, च्याउ खेतीको अनुगमन गरिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत तथा कृषि शाखा प्रमुख रामहरी पाण्डेयले जानकारी दिए । नगरपालिकाको यस युवा स्वरोजगार कार्यक्रममा सहभागी भएका युवाले व्याज अनुदान कार्यक्रमबाट प्रभावित भई व्यवसाय बिस्तार गर्दै गएको शाखा प्रमुख पाण्डेयले बताए ।

नगरपालिकाले तीन वर्ष अघि देखि कृषि, पशुपालन, कुखुरापालन, लगायतका व्यवसाय गर्न दुई वर्षसम्म व्यवसाय हेरी १२ लाखसम्म व्याज अनुदान उपलब्ध गराइएको छ । अबदेखि १२ लाखबाट रकम थप गरी २० लाखसम्म पु¬र्‍याउने नगरपालिकाले जनाएको छ । रामपुर नगरपालिका वडा नं ४, ५, ६ मा अनुगमन गरिएको पशु सेवा शाखा प्रमुख तुल्सिराम काफ्लेले बताए ।

### काँग्रेसलाई...

यसपछि संसद् पुनर्स्थापनाको माग सहित काँग्रेस, माओवादी केन्द्र, एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल समूह, जनता समाजवादी पार्टी .(जसपा)का उपेन्द्र यादव समूह र राष्ट्रिय जनमोर्चा सर्वोच्च अदालतले गए । संसद् पुनर्स्थापना र प्रधानमन्त्रीमा देउवा नियुक्तिको परमादेश सहित आन्दोलन चलिरहेकै बेला काँग्रेसको महाधिवेशन भदौमा गर्ने निर्णय भयो । तर फेरि नेतृत्व हत्याउने उद्देश्यबाट सिर्जित समस्याका कारण महाधिवेशन कार्यतालिका प्रभावित बन्यो ।

केही जिल्लाहरुमा देखिएको क्रियाशील सदस्यता वितरणको समस्याका कारण गएको १२ साउनमै हुनुपर्ने वडा अधिवेशन अनिश्चित बनेको छ । क्रियाशील सदस्यता वितरणमा देखिएको समस्या हल गर्न रमेश लेखकको संयोजकत्वमा छानबिन समिति पनि बन्यो । तर यो समितिले पनि समयमा विवाद हल गर्न सकेन । फेरि शीर्ष नेतृत्व (देउवा, बरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला) लाई यो जिम्मेवारी दिइयो । शीर्ष नेताहरुले समेत समयमा विवाद हल गर्न नसकेपछि महाधिवेशन सार्ने विकल्पको खोजी भइरहेको छ ।

त्यो पनि वैधानिकता जोगिनेगरी महाधिवेशन सार्नेतिर काँग्रेस नेताहरुले विकल्प खोजी गरिरहेका छन् । विशेषगरी प्रधानमन्त्री एवम् सभापति देउवाले प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियासँग वैधानिकताको विकल्पबारे कुरा गरेका छन् । काँग्रेस नेताहरु निर्वाचन आयोगमा जाने देखि कानून सचिवसँग समेत कुरा गरिसकेका छन् ।

एक नेताका अनुसार, १३औं महाधिवेशनकै प्रतिनिधिहरुबाट विशेष सम्मेलन गरेर विधि पुर्‍याउने र महाधिवेशनको मिति सार्ने विकल्पमा काँग्रेस नेताहरुलाई आयोगले सुझाव दिएको बुझिएको छ ।

### सत्तारुढको...

निर्णय नलिएकाले मन्त्रिपरिषद् बिस्तार रोकिएको बताउँदै आएका थिए । उनीहरुको यो तर्कलाई राष्ट्रिय राजनीतिले पत्याएका पनि थिए ।

किनकि देउवा नेतृत्वको सरकार बन्नुमा माधव नेपालको भूमिका महत्वपूर्ण थियो । यदि एमालेका नेता नेपाल सहित २२ सांसदको साथ देउवाले नपाएका भए सरकार नबन्ने अवस्था रहने मात्रै नभएर संसद् नबच्ने अवस्था थियो । माधव समूहका २२ सांसद नहुँदा काँग्रेससँग ६१, नेकपा माओवादी केन्द्रसँग ४९, जनता समाजवादी पार्टी (जसपा) का उपेन्द्र यादव समूहका १२ र राष्ट्रिय जनमोर्चाका एक गरी १२३ सिट मात्रै पुग्ने थियो । जबकी सरकार बनाउन १३६ सांसद आवश्यक पर्थ्यो ।

माधव समूहका २२ सांसदले विश्वासको मत नै दिएका छन् । यसर्थ माधव समूहले मागेजति मन्त्रालय दिन देउवा सहित नेताहरु तयार थिए । तर शुक्रबार बसेको माधव समूहको केन्द्रीय कमिटी बैठकले सरकारमा सहभागी नहुने निर्णय गरेको छ । यो सँगै अब काँग्रेस, माओवादी र जसपा मिलेर सरकार बनाउनुपर्ने हुन्छ ।

तर पनि सत्तारुढ दलमा कुरा मिल्न सकेको छैन । यसर्थ महिना दिनसम्म देउवा नेतृत्वको सरकारमा मन्त्रालयहरु नेतृत्व विहीन छ । यता गठबन्धन भने सरकारका न्यूनतम साझा कार्यक्रम बनाउनेमै अल्मलिएको छ । कार्यदल बनाएर न्यूनतम साझा कार्यक्रम र कार्यविधि बनाउने प्रयासले समेत सार्थकता पाउन सकेको छैन ।

शुक्रबार प्रधानमन्त्री देउवालाई बुझाइएको न्यूनतम् साझा कार्यक्रम र कार्यविधि आइतबार सार्वजनिक गरिने भएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकले आइतबार उक्त कार्यविधि सार्वजनिक गर्ने निर्णय गरेको बैठकमा सहभागी राष्ट्रिय जनमोर्चाको सांसद दुर्गा पौडेलले बताए ।

कार्यदलले गठबन्धनको न्यूनतम साझा कार्यक्रम र कार्यविधि प्रतिवेदन प्रधानमन्त्री शेरबहादुर देउवालगायत शीर्ष नेतृत्वलाई शुक्रबार हस्तान्तरण गरेको थियो । संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम नाम दिइएको उक्त प्रतिवेदनमा संयुक्त सरकारका प्राथमिकतालाई समावेश गरिएको छ । अर्थात्, माधव नेपाल सरकारमा सहभागी नहुँदा पनि गठबन्धनका दलहरुले शक्ति सन्तुलन कायम गर्न सकेको छैन ।

## जापानबाट एस्ट्राजेनेकाको पाँच लाख मात्रा खोप आइपुग्यो

**काठमाडौं/मस**-जापान सरकारले नेपाललाई अनुदानमा दिएको कोरोनाविरुद्धको करिब पाँच लाख मात्रा खोप शनिबार काठमाडौं आइपुगेको छ । कोभ्याक्स सुविधाअन्तर्गत पहिलो चरणमा एस्ट्राजेनेकाको पाँच लाख मात्रा खोप नेपाल आइपुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले जानकारी दिए ।

जापानले नेपाललाई १६ लाख मात्रा एस्ट्राजेनेकाको खोप दिने बताएको थियो । जापानबाटै आज थप तीन लाख खोप नेपाल आउनेछ । जापानले दिने भनेको बाँकी खोप एक साताभित्र नेपाल आउने मन्त्रालयले जनाएको छ ।

शुक्रबार भूटानबाट पनि दुई लाख ३० हजार मात्रा कोभिशिल्ड खोप प्राप्त भएको थियो । जापानबाट प्राप्त खोप यसअघि कोभिशिल्डको पहिलो मात्रा लगाएका नागरिकलाई दिइनेछ । नेपालले खरिद गरेको खोप भारतले उपलब्ध नगराउँदा कोभिशिल्ड खोप लगाएका १४ लाख ५० हजार व्यक्तिले दोस्रो मात्रा लगाउन पाएका छैनन् ।

जापान र भूटानबाट आएको खोप कोभिशिल्डको दोस्रो मात्रा नपाएका नागरिकलाई लगाइने मन्त्रालयले जनाएको छ । हालसम्म खरिद र अनुदान गरेर करिब एक करोड मात्रा खोप नेपाल आइपुगेको छ । नेपालले ६० लाख मात्रा खोप खरिद गरेको छ । चीनबाट ४० लाख भेरोसेल र भारतबाट २० लाख कोभिशिल्ड खोप खरिद गरिएको छ । भारतबाट खरिद गरिएकामध्ये १० लाख मात्रा खोप अझैसम्म आपूर्ति भएको छैन ।

यसैगरी भारतबाट अनुदानमा ११ लाख कोभिशिल्ड (नेपाली सेनासहित) प्राप्त भएको छ । चीनबाट १८ लाख मात्रा भेरोसेल खोप अनुदानमा प्राप्त भएको छ । यस्तै गाभीबाट तीन लाख ४८ हजार कोभिशिल्ड र अमेरिकाबाट १५ लाख ३४ हजार जे एण्ड जे खोप अनुदानमा प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

खोपको नियमित आपूर्ति हुन थालेपछि सरकारले खोप केन्द्र पनि थप गरेको छ । खोप केन्द्रमा भीडभाड देखिएको र खोप लगाउनेबाटै संक्रमण फैलनसक्ने देखिएपछि सरकारले एक हजार ४३३ खोप केन्द्र थप गरेको हो । पहिले दुई हजार ९८९ खोप केन्द्र भएकामा अहिले त्यो संख्या चार हजार ४२२ पुर्‍याइएको छ । काठमाडौं उपत्यकामा ८३ खोप केन्द्र थप गरी १४९ पुर्‍याइएको छ । उपत्यकामा पहिले ६६ खोप केन्द्र थिए ।

## नेपालमा थप तीन हजार २१८ जनामा कोरोना संक्रमण

**काठमाडौं/मस**– शनिबार नेपालमा थप तीन हजार २१८ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार १३ हजार ५७३ जनाको नमूना परीक्षणमा शनिबार थप तीन हजार २१८ जनामा संक्रमण पुष्टि भएको हो ।

शनिबार एक हजार ७२२ जना संक्रमणमुक्त भएका छन् । योसँगै संक्रमणमुक्त हुनेको संख्या छ लाख ६७ हजार २७० जना पुगेको छ । नेपालमा निको हुने दर ९३.६ प्रतिशत छ । यस्तै पछिल्लो २४ घण्टामा कोरोना भाइरस संक्रमणका कारण १९ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । अहिलेसम्म नेपालमा कोरोना भाइरस संक्रमणका कारण १० हजार ३८ जनाको मृत्यु भइसकेको छ । नेपालमा संक्रमणका कारण मृत्यु हुने दर एक दशमलव पाँच प्रतिशत रहेको छ ।

यसैगरी ७४६ जना सघन उपचारकक्ष (आइसीयू) र १६९ जना भेन्टिलेटरमा उपचार गराइरहेका छन् । त्यस्तै ३२ हजार २७ जना होमआइसोलेशन, तीन हजार ४०५ संस्थागत आइसोलेसन, ४४३ क्यारेन्टिनमा रहेका छन् । यस्तै शनिबार एक लाख ९१ हजार ३३९ जनाले खोप लगाएको मन्त्रालयले जनाएको छ ।

काठमाडौं उपत्यकामा शनिबार थप ९१० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । तीमध्ये काठमाडौंमा ५९३, ललितपुरमा १८९ र भक्तपुरमा १२८ जना रहेका छन् । अघिल्लो दिन काठमाडौं उपत्यकामा जम्मा ७०१ जना संक्रमित थपिएका थिए ।



काठमाडौंको बालाजु औद्योगिक क्षेत्रभित्र रहेको नेबिको प्रालिमा लागेको आगो नियन्त्रणमा लिंदै सुरक्षाकर्मीलगायत । तस्बिर : अच्युत रेग्मी/रासस

# बालाजु औद्योगिक क्षेत्रमा आगलागी, झण्डै ११ घण्टापछि नियन्त्रण

**काठमाडौं/मस-**काठमाडौं बालाजुस्थित औद्योगिक क्षेत्रमा रहेको नेबिको बिस्कुट कारखानामा लागेको आगो झण्डै ११ घण्टापछि नियन्त्रणमा आएको छ ।

नेबिको प्रालीमा शनिबार बिहान एक्कासी आगलागी भएको हो । आगलागीबाट प्रालीमा उत्पादित सामग्री जलेर नष्ट भएको छ । कम्पनीभित्र प्रज्वलनशील पदार्थ बढी रहेकाले आगलागी नियन्त्रणमा समस्या भएको महानगरीय प्रहरीवृत्त बालाजुका प्रहरी वरिष्ठ उपरीक्षक निर्मल बुढाथोकीले जानकारी दिए ।

उनका अनुसार बिस्कुट उत्पादन गर्ने कम्पनीमा घ्यु, मैदा, चिनी, प्लाष्टिकजस्ता सामग्री हुँदा आगोले झन् ठूलो रुप लिएको हो । आगलागी शुरु भएपछि बालाजु वृत्तको प्रहरी टोली बिहान २:२० बजेदेखि नियन्त्रणमा खटिएको उनको भनाइ छ । आगलागी नियन्त्रणमा लिन नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिकाका नौ दमकल प्रयोग गरिएका थिए । यस्तै २५ ट्यांकरले निरन्तर पानी ओसारपसार गरेका थिए ।

आगो नियन्त्रणमा आएपनि क्षतिको विवरण भने यकिन हुन सकेको छैन । कम्पनीको बिस्कुट प्लान्ट, प्याकेजिङ मेसिन, कुकिङ्ग प्लान्ट, कच्चा पदार्थ, गोदाममा रहेका कच्चा तथा प्याकेजिङ्ग सामग्री, उद्योग भवनमा क्षति पुगेको नेबिकोले जनाएको छ ।

शनिबार बिहान २ बजेदेखि लागेको आगो ११ घण्टापछि नियन्त्रणमा आएको हो । आगो निभाउनका लागि नेपाल आर्मी, प्रहरी, सशस्त्र प्रहरीका अग्नि नियन्त्रक, बालाजु युथ क्लबका युवाहरु खटिएका थिए । दमकल, हेलिकप्टर, पानी ट्यांकरसहितको प्रयोगमा आगो निभाइएको हो । नेबिको कम्पनीले आगो निभाउनका लागि सहयोग गर्ने सम्पूर्णलाई आभार समेत व्यक्त गरेको छ । रातिको समयमा आगलागी भएकाले मानवीय क्षति नभए पनि ठूलो मात्रामा भौतिक क्षति भएको छ । यकिन विवरण आउन केही समय लाग्ने छ ।

नेबिको प्रालीले वार्षिक रु एक अर्ब १५ करोडभन्दा बढी रकम बराबरको सामग्री बजारमा बिक्रीका लागि पठाउँदै आएको थियो ।

सन्ताउन्न वर्ष पहिले स्थापना भएको उक्त कम्पनीले विभिन्न नामका बिस्कुट, कुकिजलगायतका सामग्री उत्पादन गर्दै आएको थियो । चार युनिटमार्फत काम गर्दै आएको उक्त कम्पनीले भैरहवामा समेत शाखा विस्तार गरेर काम गर्दै आएको ब्राण्ड मेनेजर अरुण पौडेलले बताए ।

# विपद् व्यवस्थापन सर्वपक्षीय समितिद्वारा सभामुखलाई ध्यानाकर्षण पत्र




**काठमाडौं/मस-**सिन्धुपाल्चोकमा प्राकृतिक विपत्तिबाट पीडित एवं विस्थापितलाई सहजीकरण गर्न गठित विपद् व्यवस्थापन सर्वपक्षीय समितिले सभामुख अग्निप्रसाद सापकोटालाई समस्या समाधानका लागि ध्यानाकर्षण गराएको छ । समितिका आवद्ध अधिकारीले शनिबार सभामुख सापकोटालाई उहाँको निवासमा भेट गरी मेलम्ची र इन्द्रावती नदीले पुल बगाएको स्थानमा तत्काल बेलीब्रिज स्थापना गरी सडक सम्पर्क जोड्न, अवरुद्ध विद्युत् र सञ्चार सम्पर्क स्थापित गर्न विशेष पहल गरिदिन आग्रहसहित ध्यानाकर्षण पत्र बुझाएको हो ।

हेलम्बु र मेलम्ची क्षेत्रमा गत असार १ र साउन १७ गते आएको बाढीले भएको क्षतिसम्बन्धी प्रारम्भिक प्रतिवेदनसहितको पत्रमा पुल, विद्युत्, टेलिफोन सेवा तत्काल सञ्चालन गर्ने व्यवस्था, प्रभावित क्षेत्रमा आधरभूत खानेपानीको व्यवस्थान, नदी तटीय क्षेत्रका बस्ती स्थानन्तरण गर्न अस्थायी आवास निर्माण सामग्रीको उपलब्धतालगायतका विषय समेटिएका छन् ।

ध्यानाकर्षणपत्र बुझेपछि सभामुख सापकोटाले मेलम्ची र हेलम्बु क्षेत्रका बाढी पहिरो प्रभावितसँग सम्बन्धित विषय आफ्नो प्राथमिकतामा रहेको बताए । गत असार २ गते बाढीबाट भएका क्षतिको स्थलगत जानकारी लिएर फर्केपछि आफूले विपद् व्यवस्थापन क्षेत्रका विज्ञ, सम्बन्धित सरकारी संयन्त्रका अधिकारीसँग प्रकोप व्यवस्थापनका विषयमा निरन्तर छलफल गरिरहेको जानकारी दिए । उनले साउन १४ गते गृहमन्त्री बालकृष्ण खाणसँग तत्काल दुईवटा बेलीब्रिज स्थापना गरेर सडक सम्पर्क स्थापित गर्ने विषयमा छलफल भएको जानकारी दिए । सभामुख सापकोटाले शुक्रबार ऊर्जामन्त्री पम्फा भुसालसँगको भेटमा बाढीपहिरो प्रभावित क्षेत्रमा अवरुद्ध विद्युत् सेवा सञ्चालन गर्ने विषयमा छलफल भएको जानकारी गराउँदै छिट्टै सेवा सञ्चालन हुने विश्वास व्यक्त गरे ।

गत असार २ गते सभामुख सापकोटाको उपस्थितिमा मेलम्ची नगरपालिकाको कार्यालयमा बसेको सर्वपक्षीय बैठकबाट सो क्षेत्रमा बाढी, पहिरोबाट पीडितलाई सहजीकरण गर्न जिल्ला समन्वय समितिका प्रमुख कृष्णगोपाल तामाङको संयोजकत्वमा सर्वपक्षीय सहभागितासहित इन्द्रावती, मेलम्ची क्षेत्र प्राकृतिक विपद् व्यवस्थापन मूल समिति गठन भएको छ ।

# बाढी प्रभावितलाई सरकारले पूर्णरुपमा सहयोग गर्छः अध्यक्ष प्रचण्ड



**नविन अंकुर/मध्यान्ह**
मनाङ, २३ साउन

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाढी प्रभावितलाई सरकारले पूर्णरूपमा सहयोग गर्ने बताएका छन् । मनाङमा गत असार १ गते गएको बाढी प्रभावित क्षेत्रको शनिबार भ्रमण तथा अवलोकन गर्ने क्रममा उनले सो कुरा बताएका हुन् । उनले भने, 'यो सरकारको साथ तपाईंहरुलाई छ, तपाईंहरुको दुःखको साथमा हामी छौं, गठबन्धन सरकार छ ।'

अध्यक्ष प्रचण्डले सिन्धुपाल्चोक र मनाङमा १०० वर्ष यताकै ठूलो बाढी र पहिराले धेरै क्षति पुऱ्याएको उल्लेख गर्दै यसको समाधानका लागि भूगर्भविद्बाट अध्ययन गराएर दीर्घकालीन योजना बनाउने बताए । 'तत्कालका लागि प्रभावित जनताको बसोबास र खाद्यान्न व्यवस्था गर्नेछौं । दीर्घकालीनरूपमा पनि हामीले योजना बनाउने छौं' उनले भने । पूर्वप्रधानमन्त्रीसमेत रहेका प्रचण्डको नेतृत्वमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालगायत जनप्रतिनिधिको टोलीले मनाङका पिसाङ, चामे, नासों गाउँपालिकाका विभिन्न वडाको बाढी प्रभावित क्षेत्रको अवलोकन गरेको छ ।

# दुर्घटनामा दुईको मृत्यु

**काठमाडौं/मस-**काठमाडौं र ललितपुरमा भएको दुई छुट्टाछुट्टै दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार काठमाडौं महानगरपालिका-६ स्थित सडकमा प्रदेश नम्बर ३-०२-००७प६२५६ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री तारकेश्वर नगरपालिका-७ फुटुङ्गका ७० वर्षीय रामचन्द्र खत्रीको मृत्यु भएको हो ।

शनिबार बिहान भएको उक्त दुर्घटनामा परी गम्भीर घाइते भएका उनको पिपुल्स अस्पताल नयाँबजारमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीले चालकलाई नियन्त्रणमा लिएको छ । यता ललितपुरको बागमती गाउँपालिका-३ भट्टेडाँडास्थित माझखोलामा बा४९प ४९०६ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक काठमाडौं कलंकी बस्ने ४८ वर्षीय नीरज खनालको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारका क्रममा पाटन अस्पतालमा निधन भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकल सवार ललितपुर महानगरपालिका-४ बागडोल बस्ने ४८ वर्षीय नीरज बलको सोही अस्पतालमा उपचार भइरहेको छ ।

## कञ्चनपुर डायरी

गोमती पाल/मध्यान्ह

# ब्रह्मदेवका एक युवकको शव भारतीय भूमिमा फेला, हत्याको आशंका



भीमदत्त नगरपालिका ९ ब्रह्मदेवका एक युवकको शव भारतीय भूमिमा भेटिएको छ । ब्रह्मटोलका २० वर्षीय कमल ओडको शव शुक्रबार साँझ शारदा ब्यारेज नजिक जंगलमा भेटिएको हो । भारतीय जंगलको झाडीसहित खोल्सोमा भेटिएका ओडको शरिर सुन्निएको छ । उनको घुँडामा हतियारले प्रहार गरिएको घाउ देखिएको छ । ओड परिवारले भने उनको हत्या भएको आशंका गरेका छन् ।

चार दिन अघि साँझ ब्रह्मदेब बजार गएर घर नफर्किएपछि स्थानीयले ओडका साथीसहित खोजी गर्दा शुक्रबार साँझ खोल्सोमा शव भेटिएको हो । गोठालाहरुले जंगलमा चप्पल र पर्स भेटिएको जानकारी दिएपछि खोजी गरिएको थियो । ओडको शव खोल्समा भेटिएको हो । 'उनका साथीले राती १० बजेतिर घर पुऱ्याएर गएका हौं भनेपछि बिहीबारदेखि खोजी गरेका हौं' ओडका दाई धनीरामले मध्यान्हसँग भने,' खोजी गर्दै गर्दा गोठालाले चप्पल र पर्स देखिएको बताएपछि जंगलको झाडी भएको खोल्सोमा फालिएको अवस्थामा शव भेटियो । कसले, किन ? हत्या गऱ्यो केही थाहा छैन ?' उनले षड्यन्त्र गरी आफ्ना भाइको हत्या गरिएको समेत आशंका गरे ।

ओडको शव भेटिएपछि भारतीय नागरिक र उनका दुई साथीलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा उनीसँगै मजदुरी गर्ने उनका साथी गणेश आउजी र मनोज भट्ट रहेका छन् । भारतीय सीमावर्ती सहर टनकपुरका मिस्त्री समेत सोधपुछका लागि पक्राउ परेका छन् । भट्ट र आउजीले ओडसहित आफूहरु भारतीय मिस्त्रीसँग ज्याला माग्न गएको बताएपछि उनीहरुलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । भट्ट र आउजी दुबैले ओडलाई राति १० बजेसम्म घर नजिक लगेर छाडेर आएको ओड परिवारलाई जानकारी गराएका थिए । सीमा प्रहरी चौकी ब्रह्मदेवका इन्चार्ज प्रहरी नायव निरीक्षक देव सिंह बुडालले घटनास्थल मुचुल्का र शव जाँच गरी अनुसन्धान अघि बढ्ने बताए । 'भारतीय भूमिमा शव भेटिएको छ, भारतीय प्रहरीले मुचुल्का र शव जाँच गरी नेपाललाई दिएपछि अनुसन्धान अघि बढ्छ' उनले भने ।

प्रहरी नायव निरीक्षक बुडालले ओडको शव भेटिएको स्थान नजिक चप्पल, पर्स र भारतीय डलरसहित केही कागजात भेटिएको बताए । 'उनलाई घरसम्म पुगाएर भनेर बताउने दुई जना सहित तीन जनालाई नियन्त्रणमा लिएका छौं' उनले भने,'के भएको हो भन्ने सबै कुरा अनुसन्धानबाट थाहा हुन्छ ।' प्रहरीले नियन्त्रणमा लिएका भट्ट र आउजी मृतक ओडका सबैभन्दा नजिकका साथी हुन् । बुधबार ब्रह्मदेब बजारबाट तरकारी लिएर घर आएका ओड फेरि बजार गएका थिए । उनी अरु दिन पनि घर नआएर साथीको घरमा बस्ने भएकाले खोजी नगरिएको उनका दाई धनीरामले बताए । 'पहिला पनि ब्रह्मदेव गएर साथीको घरमा बस्ने गर्थ्यौं, उनीहरु तीन जना एकदैम मिल्ने साथी थिए, साथीको घरमा होला भनेर खोजेनौं' उनले भने,'हिजो त उनीहरुले नै घरसम्म छाडेर गएको भनेपछि खोज्न थालेका छौं ।'

ओडका छिमेकी भट्ट र आउजी दुवै २० वर्षसम्मका छन् । बुधबार राति १० बजेतिर बाटोमा होहल्ला सुनिएको स्थानीयले बताएका छन् । उनका साथीले घर नजिक मात्रै छाडेर फर्किएको बताएपछि उनीहरु दुबै शंकाको घेरामा परेका छन् ।

'घर नजिक छाडेको हो भने, हाम्रो घर पुग्ने बाटो नभएर अर्को बाटोमा छाडेको भन्छन्, यसले केही शंका ल्याएको छ' एक स्थानीयले भने । मृतक ओड ब्रह्मदेवस्थित सिद्धनाथ माध्यमिक विद्यालयका कक्षा १० अध्ययनरत थिए । उनी मदिरा सेवन र लागूऔषध दुर्व्यसनबाट टाढा भएको स्थानीय बताउँछन् । ओडले विद्यालय समय बाहेक मजदुरी गर्दै आएका थिए । बुधबारसम्म उनी भारतीय क्षेत्रमा निर्माणाधीन महाकाली सिँचाई आयोजनाको तेस्रो चरणको नहरमा मजदुरी गर्दै आएका थिए । उनका दुई साथी भट्ट र आउजीले विद्यालय छाडि सकेका छन् । उनीहरु पनि मजदुरी गर्दै आएका छन् । कमलको शव भेटिएपछि उनको घर परिवार शोकमा डबेुको छ । शुक्रबार साँझ शव भेटिएछि उनका बुवा ललितराम र आमा पशुपति ओड बेहोस हुन पुगेका थिए ।

ओड परिवारका ६ सन्तानमा उनी पाँचौ हुन् । बैतडीको बवेताबाट ३० को दशकमा ओड परिवार ब्रह्मदेव आएको हो । भारतीय सीमावर्ती जंगल नजिक गहुताणी खोला किनारमा ओड परिवारले बसोबास गर्दै आएका छन् । ओडको शव भेटिएपछि सीमा प्रहरी चौकी र सशस्त्र प्रहरीको बोर्डर आउट पोष्ट शुक्रबार रातभर सुरक्षा दिएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक ज्ञानेन्द्र सिहको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको छ । 'प्रहरी कार्यालयबाट टोली आएर फर्किएको छ, रातभरि सशस्त्र र जनपद दुवैले घटनास्थल सुरक्षा दियौं' ब्रह्मदेव सीमा प्रहरी चौकीका प्रहरी नायव निरीक्षक बुडालले भने ।

### जनप्रतिनिधि र नेताहरु पुगे घटनास्थल

ओडको शव भेटिएपछि राजनीतिक दलका नेता, जनप्रतिनिधि र स्थानीय घटनास्थल पुगेका छन् । भीमदत्त नगरपालिका ९ का अध्यक्ष रामनाथ र वडा सदस्य जयबहादुर जोशी घटना स्थल पुगेका हुन् । अध्यक्ष नाथले घटना सम्बन्धी ओड परिवारबाट जानकारी समेत लिएका छन् ।

नेकपा(एमाले) का सुदूरपश्चिम प्रदेश कमिटी सदस्य नरबहादुर विश्वकर्मा र भीमदत्त नगरपालिका कार्यपालिका सदस्यद्वय प्रताप तिरुवा र मदन सेराला पनि घटनास्थल पुगेका छन् । उनीहरुले ओड परिवारसित भेटघाट गरी धैर्य धारण गर्न आग्रह गरेका छन् । एमाले प्रदेश कमिटी सदस्य विश्वकर्माले ओडलाई योजनाबद्ध रुपमा हत्या गरी खोल्सोमा फालिएको हुन सक्ने बताए । 'यस्तो ठाउँमा ल्याएर अपरिचितले मार्न सक्दैन, यो योजनाबद्ध रुपमा नै चिनाजानका व्यक्तिबाट हत्या गरिएको हो' उनले भने,' निष्पक्ष अनुसन्धान गरी हत्यामा संलग्नलाई कानूनी दायरामा ल्याउनुपर्छ ।'

# एमालेका कुनै पनि गुटमा नलाग्ने दोधारा चाँदनीका नेता कार्यकर्ताको घोषणा

नेकपा(एमाले) का दोधारा चाँदनी नगरपालिकाका नेता कार्यकर्ताले पार्टीगत गुट छाडेको घोषणा गरेका छन् । एमाले दोधारा चाँदनी नगर कमिटीको शनिबार बसेको बैठकबाट पार्टीका कुनै पनि गुटमा नलागेर पार्टीलाई बलियो बनाउन सबै सक्रिय रुपमा लाग्ने सामूहिक प्रतिवद्धता जनाएका हुन् । एमालेभित्र संस्थापन र माधव नेपाल समूहबीच एकताको प्रयास सहमति नजिक पुग्न लागेका बेला दोधारा चाँदनीमा नेता कार्यकर्ताले एकतालाई सार्थक बनाउन सन्देश पुग्ने गरी गुटगत राजनीतिमा सहभागी नहुने प्रतिवद्धता गरेका छन् । एमाले नगर कमिटीका अध्यक्ष किशोर कुमार लिम्बुले शुक्रबार नगर कमिटी बैठकमा उपस्थित हुन नगर कमिटीका सबै पदाधिकारी र सदस्यलाई आमन्त्रण गरेका थिए । उनले आफ्नो सामाजिक सञ्जालमा साविक नेकपा एमालेको बैठक भनेर आमन्त्रण गरेका थिए ।

एमाले अध्यक्ष लिम्बुले पार्टी एकताका लागि बल पुग्ने गरी देशभर सन्देश फैलाउन आफूहरु कुनै पनि गुटगत राजनीतिमा नलाग्ने प्रतिवद्धता सहित नगर कमिटीबाट निर्णय गरिएको बताए । 'केन्द्र, प्रदेश र स्थानीय सबै तहमा पार्टी एकता भएर बलियो होस भन्ने चाहना छ, त्यसलाई बल पुग्ने गरी नगर कमिटीबाट एकताको सन्देश प्रवाह हुने गरी कुनै पनि गुटमा संलग्न नहुने प्रतिवद्धता सहितको निर्णय गरिएको छ' उनले भने ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री हुँदा संसद विघटन गरेपछि एमालेभित्र संस्थापन र नेपाल समूहबीच दुरी बढेर विभाजनसम्म पुग्ने खतरामा पुगेको छ । एमालेका दुबै समूहका नेताहरु विभाजन रोक्न कार्यदल बनाएर सक्रिय रुपमा लागेका छन् । स्थानीय तहका नेता कार्यकर्ताहरु पार्टी एकताको पक्षमा उभिएपपछि पार्टी एकतालाई बल पुग्ने अपेक्षा गरिएको छ । दोधारा चाँदनीका बुद्धिजीवि टिकाराम शर्माले स्थानीय तहमा एकताका लागि गरिएका निर्णयले केन्द्र र प्रदेशसम्म दबाव दिने बताए । 'यसको दबाव संघ र प्रदेशमा पनि पर्छ, अन्य स्थानीय तहमा त पर्ने नै भयो' उनले भने । दोधारा चाँदनीको नगर कमिटी बैठकलाई २०७५ जेठ २ गतेपछिको पहिलो बैठक भनिएको छ । २०७५ जेठ ३ गते एमाले र नेकपा माओवादी केन्द्र एकीकरण भएपछि नेकपा बनेको थियो । सर्वोच्च अदालतले गत फागुनमा नेकपा खारेज गरेको थियो ।

## सम्पादकीय

# अस्तव्यस्त शैक्षिक क्षेत्र

राष्ट्रिय परीक्षा बोर्डले २०७७ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) नतिजा प्रकाशित गरेको छ । यसपटक पनि विद्यार्थीले अध्ययन गरेकै विद्यालयले गरेको मूल्याङ्कनका आधारमा परीक्षा बोर्डले नतिजा प्रकाशित गरेको छ । विद्यालयले पठाएको जीपीएलाई प्रमाणित गरेर नतिजा सार्वजनिक गरेपछि कक्षा–११ भर्नाको बाटो खुलेको छ । गएको वर्ष पनि यस्तै प्रणाली अवलम्बन गरिएको थियो । विश्वव्यापी कोरोना महामारीका कारण गएको वर्ष समेत एसईईको परीक्षा सञ्चालन भएको थिएन । प्रवेशपत्र वितवरण गरिसकेपछि सरकारले परीक्षा रोकेको थियो । महामारी रोकथामका निम्ति परीक्षा रोक्नु परेको सरकारले तर्क गरेको थियो । तर तीन महिनासम्म परीक्षा हुन नसकेपछि विद्यालयले आन्तरिक मूल्याङ्कन मार्फत् पठाएको नतिजालाई नै प्रमाणित गरेर नतिजा सार्वजनिक गरिएको थियो ।

आन्तरिक मूल्याङ्कनका आधारमा गएको वर्ष एसईई गरेका विद्यार्थी अहिले कक्षा ११ मै छन् । कक्षा १२ को समेत परीक्षा रोकिएको अवस्थामा कक्षा ११ को परीक्षा हुने कुरै भएन । अब प्लस टू लेभलमा तीन वर्षका विद्यार्थी भेटिएका छन् । कोरोना महामारीकै कारण शैक्षिक क्यालेण्डर विग्रन पुगेको हो । एसईई, प्लस टू मात्रै नभएर स्नातक र स्नातकोत्तर तहको समेत शैक्षिक तालिका प्रभावित हुन पुगेको छ । यो भन्दा पनि महत्वपूर्ण विषय भनेको बालबालिकामा विकसित मनोविज्ञान हो । महामारीका कारण पठनपाठनको भौतिक उपस्थितिमा लगाइएको रोकले विद्यार्थीहरूमा चिन्ता बढेको छ ।

अझ महामारी रोकथाम गर्नका निम्ति अपनाइएको अनलाइन कक्षा प्रणालीले पनि विद्यार्थीहरूमा अर्को तनाव सिर्जना गरिदिएको छ । किनकि अनलाइन कक्षाका निम्ति दुर्गम क्षेत्रका विद्यार्थीहरूको सहज पहुँज छैन । शहरी क्षेत्र र उच्च वर्गका परिवारमा यसप्रति ठूलो समस्या नरहेपनि न्यून आय भएका र पीछडिएको वर्गमा यसको मार बढी छ । अझ यस्तो बेला सञ्चालित परीक्षाका नतिजालाई हेयका साथ विश्लेषण गर्ने र टिप्पणी गर्दा अझ उनीहरूमा लघुताभास उत्पन्न हुन सक्छ । फेरि परीक्षा प्रणाली एउटा मानक हो, सरकारले निर्धारण गरेको । अहिले विशेष परिस्थितिमा मान्यता दिइएको फरक मानक अपनाइएको छ । त्यसैले यस्तो बेलामा अनुचित र हेय तरिकाले टिप्पणी गर्नु राम्रो हुन्न । किनकि एउटै परीक्षा कुनैपनि मानिसका निम्ति अन्तिम मानक होइन । भोलि फेरि अब्बल सावित गर्ने थुप्रै अवसर छदैछ । एसईई उत्तीर्ण सबै विद्यार्थीलाई बधाई एवम् शुभकामना !

## सामाजिक सञ्जाल



सरकारले मास्क अभियान थाल्नुभन्दा नि खोपको अभियानलाई द्रुतगतिमा अगाडि बढाउन जरूरी छ । कसले सहायतामा खोप देला भनेर हात फैलाउनुभन्दा राष्ट्रको ढुकुटीमा थन्किएको पैसाबाट बढीभन्दा बढी यथासिघ्र खोप खरिद गरि चुस्त व्यवस्थापन गरि जनताको पहुँचमा पुर्‍याउन बिलम्ब नगरौं ।

- **शैलेन्द्र थापा**



मार्क्सवाद, लेनिनवाद, माओ विचारधारा, जुछे विचारधारा पढियो । स्टालीन, खमेरूज शासनलाई पनि पढियो । उत्तर कोरियालाई पनि हेरिँदै छ र दङदेखि सिसम्म मार्क्सवादको चिनियाँ सिर्जनात्मक प्रयोगको कमाल दुनिया हेर्दैछ । तर, हामी नेपाल र पश्चिम बंगालको कम्युनिस्टलाई पनि कम्नुनिस्ट भन्दैछौ । आत्मग्लानी यस मानेमा छ ।

- **गोविन्दकुमार थापा**




माधवकुमार नेपाललाई एमालेको पद चाहिएको छैन । एमालेको अध्यक्ष नै दिए पनि पार्टी माओवादीमा मिसाउन सक्ने गरी अधिकारसहितको पद हो खोजेको । मिसिए पछि त्यहाँ प्राप्त पदका लागी हो । प्रचण्डले पार्टी एक भए पछि अध्यक्ष दिने भनेको कुरा माधव नेपाल आफैँले भन्दै आउनु भाछ । एकताको कुरा फगत हुन् ।

- **कृष्ण शर्मा**



रानीपोखरी, धरहरा ओलीले निर्माण गर्‍या रे ! अस्ति एउटीले भन्नुहुन्थ्यो सगरमाथाको हाइट ओलीले बढाएको हुन ! राष्ट्रियसभा र राष्ट्रिय ढुकुटीको चरम दुरूपयोग साथै समावेशिताको क्रुर मजाक ! ट्र्याक चेन्ज नगरे बर्बाद छ ।

- **निर्मल प्रसाइँ**



ओली सरकार प्रतिगामी थ्यो–चुच्चे नक्शा निकाल्यो, चीनसँग नाका खोल्यो, नाकाबन्दी हटायो, समृद्धिका खाका बनायो, पुनर्निर्माण र भौतिक–पूर्वाधार योजनाहरू शिलान्यास भए, उद्घाटन भए । तर, अग्रगामी भनिएको सरकार अलमलको अलमलमै छ । शेरबहादुरले प्रचण्डलाई भेट्नु र प्रचण्डले शेरबहादुरलाई भेट्नु नै दिनचर्या बनेको छ ।

- **अन्जना सापकोटा**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# जनमत संग्रह र वैज्ञानिक समाजवाद

आफ्नो वर्गका लागि केहि पनि नगरी शान्त बस्ने दृष्टिकोणले हामीलाई कहिँ पनि पुऱ्याउँदैन । वास्तवमा यान्त्रीकताबाट मार्क्सवादमा जीवन भर्न सकिँदैन । वास्तवमा मार्क्सकै शब्दमा कम्युनिष्टहरुको मुख्य काम बदल्नु हो । व्याख्या मात्र गरेर केही नगरी बस्ने कम्युनिष्टहरुको नियती एनजिओ बन्नु हो । वास्तवमा आजको एउटा विकराल समस्या बनेको छ, त्यो हो, 'नाम कम्युनिष्ट पार्टी तर काम एनजिओ ।'



● विष्णु पन्त

### जनमत संग्रह मार्क्सवादको उच्चतम प्रयोग

आजको पूँजीवादी विश्वदृष्टिकोण जबरजस्त रुपमा लादिएको आरोप छ । कम्युनिष्टहरुले जनमतलाई उपेक्षा गर्दछन् र तानाशाही व्यवस्था लाद्छन्, कम्युनिष्ट भन्ने नाम सुन्नासाथ क्रुरता र निरंकुशतासँग जोडेर प्रतिक्रिया जनाउने ठूलो जनमत छ । वास्तवमा यस्तो परिकल्पना खासगरी पूँजीवादी संचार माध्यमको गलत र प्रायोजित अफवाहरुका कारण बनेको हो । यसको एउटै कारण छ, पूँजीवादमा सञ्चारमाध्यमहरु पनि स्वतन्त्र र निष्पक्ष छैनन् । यस्तो विषम परिस्थितिमा कम्युनिष्टहरुका सामु आफुँमाथि लाग्ने गरेका प्रायोजित हमलाहरुको प्रतिरोध वा प्रतिरक्षा व्यवहारद्धारा गर्नुपर्ने चुनौति छँदैछ ।

पछिल्लो समय नेपालको कम्युनिष्ट आन्दोलनमा थुप्रै नयाँ–नयाँ विकास र प्रयोग गर्ने बहसहरु भएका छन् । सबैलाई आश्चर्यमा पार्ने एउटा प्रस्ताव नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले ल्याएको छ । सरकारसँगको ३ बुँदे सहमतिपश्चात उसले जनमत संग्रहको प्रस्तावलाई अगाडि ल्याएको छ । विप्लवको प्रस्ताव छ, 'व्यवस्था छान्ने अधिकार जनतालाई दिनुपर्छ ।' उनले भनेका छन्, 'जनअनुमोदित वा जननिर्वाचित व्यवस्थालाई मान्न हामी तयार छौं ।'

जनताले संसदीय व्यवस्था चाहन्छन् वा वैज्ञानिक समाजवाद ? यसको टुंगो जनमत संग्रहबाट गरौं भन्ने प्रस्तावले सैद्धान्तिक रुपमा विश्वपुँजीवादकै सामू एउटा नैतिक संकट उत्पन्न हुनेछ । के आजसम्मको विश्वमा यस्तो अभ्यास गरिएको छ त ? वास्तवमा यो एउटा नयाँ अभ्यास प्रयोग हुनेछ । जनताले व्यवस्थाको बारेमा छनौट वा चुनाव गर्न किन नपाउने ? यदि यो प्रस्तावलाई अस्वीकार गरिएमा पुँजीवादमा नीतिगत रुपमा ठूलो संकट आउनेछ । त्यो हो वैचारिक संकट । के विश्वमा जनअनुमोदित राज्यव्यवस्थाको प्रणाली बसाउन सकिँदैन ? वास्तवमा पुँजीवाद र समाजवादका बीच प्रतिष्प्रर्धा हुन जरुरी छ । प्रतिष्प्रर्धा अब राज्य प्रणालीको माध्यमबाट गर्नुपर्दछ । वास्तवमा मार्क्सवादको उच्चतम विकास र प्रयोग आजको मुख्य आवश्यकता हो ।

आफ्नो वर्गका लागि केहि पनि नगरी शान्त बस्ने दृष्टिकोणले हामीलाई कहिँ पनि पुऱ्याउँदैन । वास्तवमा यान्त्रीकताबाट मार्क्सवादमा जीवन भर्न सकिँदैन । वास्तवमा मार्क्सकै शब्दमा कम्युनिष्टहरुको मुख्य काम बदल्नु हो । व्याख्या मात्र गरेर केही नगरी बस्ने कम्युनिष्टहरुको नियती एनजिओ बन्नु हो । वास्तवमा आजको एउटा विकराल समस्या बनेको छ, त्यो हो, 'नाम कम्युनिष्ट पार्टी तर काम एनजिओ ।' हुँदा–हुँदा राजनीतिक मुद्दा र सामाजिक मुद्दाहरु समेत एनजिओहरुबाट भित्र्याउने । एनजिओहरुले सामाजिक न्यायको कुरा उठाउँछ र खर्च पनि गर्छ तर काम केहि गर्दैनन् । मेरा विचारमा कम्युनिष्ट पार्टीहरुलाई एनजिओ बन्न दिनु हुँदैन् । वास्तवमा विप्लवले ल्याएको प्रस्ताव छ, 'जनअनुमोदित व्यवस्था अनि जनअनुमोदित नेतृत्व र राजनीतिक दल' सम्बन्धी परीकल्पना । जनअनुमोदित व्यवस्थामा नेतृत्व र दल पनि जनअनुमोदित हुनु अपरीहार्य हुन्छ । कम्युनिष्ट हुनुको गौरव आफ्नो वर्गको हितमा केहि गर्नुहुन्छ । आफ्नो वर्गलाई पराजीत अनि दिग्भ्रमित गर्ने नेतृत्वबाट वर्गले पाउने धोका, गद्धारी र पलायन मात्र हो । आफ्नो वर्गलाई विजयी बनाउने दृष्टिकोणको निमाण गर्न नै कम्युनिष्टहरुको साझा दायित्व हो । त्यसकारण क्रान्तिमा सर्वहारा वा श्रमजीवि वर्गले जित्नुपर्छ । संसदीय व्यवस्थाको जतिसुकै स्तुतीगान वा महिमागान गरिए पनि आफ्नो वर्गको पराजय बाहेक केहि हुँदैन् । आज पनि जनमत संग्रहको पक्ष र विपक्षमा बहसहरु केन्द्रित भईरहेका छन् ।

अहिले बहसको केन्द्र भाग वा सार पक्षमा वैज्ञानिक समाजवाद हुनुपर्छ । एउटा निष्पक्ष र स्वतन्त्र जनमत संग्रह गराउन सकिएमा संसदीय व्यवस्थाको अस्वीकार्यता अनिवार्य छ । जनताले संसदीय व्यवस्थालाई अस्वीकार गर्ने सबालमा कुनै शंका छैन् । देशका लागि कम्तीमा दलाल संसदीय व्यवस्थाको अन्त्य आजको न्यूनतम आवश्यकता बनेको छ । संसदीय व्यवस्थाको अन्त्य आजको न्यूनतम आवश्यकता बनेको छ । संसदीय व्यवस्थाको अन्त्य जनमतसंग्रहद्धारा गर्न सक्नुपर्छ । त्यो ज्यादै सुन्दर उपलब्धी हुनेछ । नेपालमा कम्युनिष्टहरुमा यान्त्रिकता र शास्त्रीयतावादको समस्या छ । उनीहरुको अनुमान वा तर्क छ, जनमत संग्रहबाट वैज्ञानिक समाजवाद आउँदैन । विप्लवको शंश्लेषण सहि छ, मागेर वा हात थापेर समाजवाद आउँदैन नत थपक्क केहि नगरी शान्त बसेर नै आउँछ । जनताको दबाब वा आन्दोलनबाट आउँछ समाजवाद । बरु संसदीय चुनावमा भाग लिने र त्यसमा भविष्य देख्ने तर व्यवस्था परिवर्तनका लागि हुने प्रस्तावित जनमत संग्रहमा भविष्य नदेख्ने दृष्टिकोण के हो ?

> आजको संसदीय व्यवस्थामा आजीवन प्रधानमन्त्री वा मन्त्री बनेर गिनिज बुकमा नाम लेखाउने होडबाजी चल्दैछ । के सधैँभरि मुलुकले शेरबहादुर, केपी ओली, माधव नेपाल र पुष्पकमल दाहाललाई मात्र प्रधानमन्त्री दोहोऱ्याई रहनुपर्ने हो ? एउटै व्यक्तिलाई आजीवन सत्तामा दोहोऱ्याउने प्रवृत्तिले लोकतन्त्रको अभ्यास हुन सक्दैन । आज शेरबहादुर देउवा ६ पटक प्रधानमन्त्री बन्ने योग छ रे भन्ने चर्चा छ । के रामचन्द्र पौडेललाई एक पटक पनि बन्न पाउने अधिकार छैन त ?

### जनअनुमोदित समाजवादको परिकल्पना

वास्तवमा कम्युनिष्टहरु नै सबैभन्दा बढि जनप्रिय र जनअनुमोदित हुन्छन् किनकी उनीहरु समानता र स्वतन्त्रताका लागि लड्छन् । कम्युनिष्टरुको मुल धर्म हो - हरेक उत्पीडन, असमानता र अन्यायका विरुद्ध लड्ने । समग्र मानव जातीको हितलाई केन्द्रमा राखेर सोंच्ने हो भने योभन्दा सुन्दर र मानवीय दर्शन अरु के होला र ? जनमत संग्रहद्धारा व्यवस्था चुन्ने प्रस्तावको अर्थ जनअनुमोदित वैज्ञानिक समाजवादको परिकल्पना पनि हो । वास्तवमा कुनै पनि राजनीतिक प्रणालीलाई जनमतसँग अभिन्न बनाई रहनुपर्दछ । पूँजीवादी लोकतन्त्रको एउटा दुर्गन्ध के छ भने चुनावलाई उनीहरुले जनतालाई सम्मोहित गराउने अस्त्रको रुपमा व्याख्या गर्दछन् ।

चुनावमा जनताका कुरा गर्ने तर जीतेपछि जनताविरुद्ध नै हमला गर्ने पूँजीवादी शासकरुको विशेषता हो । जनता र राज्यबीचको सम्बन्धलाई सधैं प्रगाढ र जीवन्त बनाउन विधिको विकास गर्ने तर्फ विप्लवको सोंच भएको देख्न सकिन्छ । त्यसकारण वैज्ञानिक समाजवादलाई कसरी जनता र राष्ट्रको स्वार्थसँग एकाकार गराउन सकिन्छ भन्ने विषयको चिन्तन ज्यादै सकारात्म र उत्साहजनक छ । जनताले चाहेमा जनमतकै माध्यमबाट कुनै पनि व्यवस्थाको समर्थन वा अस्वीकार र गर्नसक्ने अभ्यास वा विधि उच्च प्रकारको दृष्टिकोणबाट आएको हो । राजनीतिलाई व्यापार, लुटपाट र गद्धारीको पेशा बनाउने वर्तमान राज्यप्रणालीका विरुद्ध एउटा सशक्त विचारको उत्खनन् भएको छ ।

### जनअनुमोदित नेतृत्व र दलसम्बन्धी अवधारणा

जनताको अभिमतभन्दा बाहिर जाने छुट कसैलाई हुनुहुँदैन । जनतालाई मत हाल्ने र विजयी बनाउने पनि अधिकार हुन्छ र निर्वाचित भईसकेपछि जनमत विपरित काम गरेमा फिर्ता बोलाउने पनि अधिकार हुन्छ । वास्तवमा राजनीतिमा योभन्दा सुन्दर, उन्नत र लोकतान्त्रिक दृष्टिकोण कुन हुन सक्ला ? आजका संसदीय व्यवस्थामा पार्टीकै सांसदहरु पार्टीलाई ध्वस्त बनाउन प्रयोग भएका छन् । सांसदहरु खरीद–बिक्री भईरहेका छन् । अहिले लुम्बिनी प्रदेशमा ५० लाख सांसद किनबेच भएका समाचारहरु आईरहेका छन् । सांसद विमला वली अहिले चर्चाको शिखरमा छन् । सांसदहरुले पार्टीका निर्णयहरु र अनुशासनका उल्लंघन गरीरहेका छन् । त्यसकारण यो विकृतिको अन्त्यका लागि सोंच्नुपर्दछ । संसदीय पार्टी र नेतृत्वले यी विकृति र दुर्गन्धलाई लोकतन्त्रको सौन्दर्य ठान्छ । आज सांसद र मन्त्रीहरु बिक्री भएका अनि भ्रष्टाचारमा डुबेका समाचारहरुका बीच छानबिन गर्ने निकाय मौन छ । यदि राज्य पारदर्शी हुने हो भने ५० लाख र करोडमा मुछिएका सांसदहरुको सम्पत्ति छानबिन गर्न सकिँदैन र ?

मन्त्री, नेता, सांसद र उच्च पदस्थ व्यक्तिरुलाई चुन्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार जनतालाई दिनुपर्छ । बहुमत मतदाताले चुनिएका सांसद वा मन्त्रीलाई कुनै पनि बेला फिर्ता बोलाउन सक्ने व्यवस्था गर्नुपर्दछ । शायद यो प्रावधान नभएकोले संसदीय व्यवस्थामा एकपटक चुनिएपछि जे गरेपनि हुने भयो । हुँदा–हुँदा पार्टीकै विरुद्ध लाग्नसमेत मिल्ने अभ्यास भईरहेको छ । यो अराजकताले समाजलाई अनि राजनीतिक सभ्यतालाई कहाँ पुऱ्याउँछ ? जुन सांसदले आफ्नै दल, सरकार र नेतृत्वलाई लात हान्छन् फेरि उनीहरु नै विजयी बन्ने अहिलेको अभ्यास कतिसम्म लज्जास्पद छ ?

### नेतृत्वको सिण्डिकेटको अन्त्यसम्बन्धी अवधारणा

आजको संसदीय व्यवस्थामा आजीवन प्रधानमन्त्री वा मन्त्री बनेर गिनिज बुकमा नाम लेखाउने होडबाजी चल्दैछ । के सधैँभरि मुलुकले शेरबहादुर, केपी ओली, माधव नेपाल र पुष्पकमल दाहाललाई मात्र प्रधानमन्त्री दोहोऱ्याई रहनुपर्ने हो ? एउटै व्यक्तिलाई आजीवन सत्तामा दोहोऱ्याउने प्रवृत्तिले लोकतन्त्रको अभ्यास हुन सक्दैन । आज शेरबहादुर देउवा ६ पटक प्रधानमन्त्री बन्ने योग छ रे भन्ने चर्चा छ । के रामचन्द्र पौडेललाई एक पटक पनि बन्न पाउने अधिकार छैन त ? आज त गिनिज बुकमा लेखाउने होडबाजी चलेको छ । के यसरी लोकततन्त्रको विकास हुन्छ त ? के नेतृत्वको सही व्यवस्थापन गर्ने विधि यहि हो त ? यसलाई तोड्नका लागि विप्लवले दुई कार्यकालको सीमा राख्ने प्रस्तवा ल्याउनु भएको छ । वास्तवमा यो प्रस्ताव सहि छ ।

### स्वतन्त्र अध्ययन र बहसको जरुरी छ

विप्लव नेतृत्वको नेकपाले पछिल्ला प्रस्तावहरु वास्तवमा देश र जनतासँग सम्बन्धित छन् । एउटा उन्नत र वास्तविक लोकतान्त्रिक राजनीतिक प्रणालीको विकास गर्नेतर्फ उक्त पार्टीको ध्यान केन्द्रीत भएको देख्न सकिन्छ । आज जति पनि राजनीतिक विकृतिहरु देखा परेका छन् त्यसको मुख्य कारण दलाल पुँजीवादको विकास हो । सांसद, मन्त्री, सचिव अनि न्यायाधिशहरु नै दलाल बन्ने आजको परिपार्टीलाई निर्मम ढंगले भत्काउन पर्दछ । सांसद विमला वली कहिले एमाले बनँ भन्दै पत्रकार सम्मेलन गर्छिन् त कहिले माओवादी केन्द्र । के यो छुट हुन्छ त जनप्रतिनिधिलाई ? उनको खुलम खुल्ला किनबेच र मोलतोल भएको प्रष्ट हुन्छ । भ्रष्टाचार र दलालीकरणलाई राज्यले नियन्त्रण गर्ने हो भने यस्ता घटना हुँदैनथ्यो । आर्थिक चलखेलहरु भएका छन् वा छैनन् भनेर राज्यले निष्पक्ष, स्वतन्त्र र पारदर्शी ढंगले छानबिन गर्न सक्दैन् र ? तर यो दलाल संसदीय व्यवस्था भएको हुनाले यसको धर्म नै दलालीकरणलाई संरक्षण गर्ने हो । अतः राजनीतिक विकृति र विसंगती हटाउने सन्दर्भमा विप्लवले उठाएका प्रस्तावहरु अध्ययन योग्य छन् । सबैका लागि राम्रा प्रस्तावरु ग्रहण योग्य हुन्छन् । त्यसकारण एकपटक विप्लव नेकपाका राजनीतिक प्रस्तावहरु राष्ट्रिय बहसका रुपमा लैजाऔं ।

# सरकार ! अझै कति जयसिंह तुइनको सिकार बन्ने हो ?

धामी वेपत्ता घटनाको सत्यतथ्य पत्ता लगाउन गृह मन्त्रालयले छानबिन टोलि गठन गरी दार्चुला पठाएको छ । उक्त टोलिले सत्यतथ्य छानबीन गरेर घटनाको वास्तविकता बाहिर ल्याएर दोषीलाई कारबाही, पीडित परिवारलाई न्याय र राहत हुने गरि प्रतिवेदन बनाए मात्रै धामीको आत्मालाई शान्ति मिल्ने छ ।



● दीपक खाती

दार्चुलाको ब्याँस गाउँपालिका पुनः एक पटक चर्चामा आएको छ । उसो त कालापानी, लिपुलेकको मुद्दाले बेला–बेला चर्चामा आईरहन्छ ब्याँस । भौगोलिक रुपमा विकट त्रीदेशीय सीमा नाकामा पर्ने ब्याँसभित्र थुप्रै प्राकृतिक सौन्दर्यता, धार्मीक एवं सांस्कृतिक सम्पदा, बहुमुल्य जडिबुडीको खानी छ । तथापी ब्याँस भूमि मिचिएको गाउँपालिका, नागरिकले वर्षेनी तुइनको सिकार बन्नुपर्ने, आफ्नै गाउँ आवतजावत गर्न भारतीय बाटो प्रयोग गर्नुपर्ने गाउँपालिका भनेर परिचय बनेको छ । कहिलेसम्म ब्याँसका नागरिकले आफ्नै गाउँ आवतजावत गर्न भारतीय सुरक्षाकर्मीको अभद्र व्यवहार सहेर मृत्युलाई हत्केलामा राखेर महाकालीमाथि तुइनमा झुन्डिनु पर्ने हो ? आज यो प्रश्नले फेरी एक पटक तिनै तहका सरकार र आम सरोकारवालाहरुलाई प्रहार गरिरहेको छ ।

२०७८ साउन १५ गते ब्याँस गाउँपालिका वडा नं.२ मालका ३३ बर्षका जयसिंह धामी वैदेशिक रोजगारीमा जाने सपना बोकी तुइन तरेरै दार्चुला सदरमुकाम आईरहेका बेला भारतीय सीमा सुरक्षा बलका जवानले तुइन फुकालिदिँदा उर्लिदो महाकालीमा वेपत्ता भए । जयसिंहसँगै उनका सपना र परिवारको भरोसा पनि महाकालीमा बिलाए । बाँच्न पाउने अन्तराष्ट्रिय मानव अधिकारको न्यूनतम मानवीय मुल्य मान्यता र नेपाल–भारत सीमा क्षेत्रमा चलिआएको व्यवहारिक सम्बन्ध जस्ता सामाजिक मुल्य–मान्यतालाई चुनौती दिँदै धामी तुइन तरिरहेको अवस्थामा अमानवीयताको पराकाष्टता शिकार हुन पुगे । उक्त घटनाको सत्यतथ्य पत्ता लगाउन गृह मन्त्रालयले छानबिन टोलि गठन गरी दार्चुला पठाएको छ । उक्त टोलिले सत्यतथ्य छानबीन गरेर घटनाको वास्तविकता बाहिर ल्याएर दोषीलाई कारबाही, पीडित परिवारलाई न्याय र राहत हुने गरि प्रतिवेदन बनाए मात्रै धामीको आत्मालाई शान्ति मिल्ने छ ।

### तुइनको दीर्घकालिन समाधान

ब्याँस गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष धिरन सिंह बुढाथोकीका अनुसार २०५० देखि हालसम्म वडा नं.२ का मात्रै २६ जना जति तुइनको सिकार बनेका छन् । अझै कति जनाले तुइनमा ज्यान गुमाउनुपर्ने हो थाहा छैन । अब सरकारले तुइनको दिर्घकालिन समाधान गर्न तर्फ ध्यान दिए मात्रै तुइनको सिकार बनेकाहरुको आत्मालाई शान्ती र बाध्यताले तुइन तर्नुपर्ने ब्यासी जनतालाई मुक्ति मिल्ने छ । मालको तुइनको घटनाको छानबिन गर्न आएको टोलिले घटनाको सत्यतथ्यसँगै ब्यासी जनता किन तुइन प्रयोग गर्छन भन्ने कुराको गहन अनुसन्धान गरेर तुइन तर्नुको कारणसमेत प्रतिवेदनमा समावेश गर्न जरुरी छ ।

### यातायातको पहुँच नपुग्नु समस्या

भौगोलिक रुपमा विकट ब्याँस गाउँपालिलाई सदरमुकामसँग जोड्ने एक मात्रै सडक दार्चुला तिंकर सडकले १२ बर्षमा अरबौ रुपैयाँ खर्चेर पनि गति लिन सकेको छैन । न त सदरमुकामदेखि खलंगासम्म जोड्ने गतिलो गोरेटो बाटो नै छ । बल्लतल्ल गाउँपालिका सदरमुकाम सम्म ट्याक्टर पुगे पनी वर्षको ४ महिना वर्षात्को कारणले अवरुद्ध हुन्छ । अर्को कुरा, दार्चुला तिंकर सडक निकै घुमाउरो भएको हुनाले जनताले सहजताको लागि र छोटो समयमा सदरमुकाम पुग्न तुइन तरेर भारतकै बाटो प्रयोग गर्न बाध्य छन् । दार्चुला सदुमुकामदेखि सुन्सेरासम्मको दुरी २२/२३ किलोमिटर होला तर, दार्चुला तिंकर सडकलाई विभिन्न गाउँबस्ती घुमाएर ४० किलोमिटरमा सुन्सेरा पुऱ्याएको छ । सुन्सेराबाट गाडि चढेर नेपालको बाटो हुँदै सदरमुकाम पुग्न ५/६ घण्टा लाग्छ तर, आउन जम्मा १ घण्टा लाग्छ । त्यसैले रणनैतिक महत्व बोकेको सडक यति घुमाउरो बन्नु कतिको न्यायोचित हो भन्ने कुरालाई मनन् गरी कालापानी क्षेत्र छाङरु तिंकर जोड्ने सबभन्दा छोटो मार्ग राष्ट्रियता र सीमा सुरक्षाका दृष्टिकोणले समेत महत्व राख्ने श्रीबगड तोसराडि कालागाड हुँदै ब्याँस गा.पा केन्द्र सुन्सेरा र माल जोड्ने सडक निमार्णको लागि बजेट विनियोजन गरि तत्काल सडक निमार्णकार्य सुरु गर्नुपर्छ ।



### झोलुङ्गे पुल निर्माणमा ढिलासुस्ति

साउन १५ गते जयसिंह धामीको ज्यान लिएको तुइनभन्दा १० मिटर पुर्व नेपालको माल र भारतको गस्कु जोडने र ब्याँस ४ को मडगाउँ र भारतपट्टिको मलघट्टे जोड्ने झोलुङ्गे पुल निर्माण गर्न ठेक्का पाएको खम्पाचे रुविना जे.भी चाबाहिल काठमाडौंले पुलको शिलान्यास भएको ३ वर्ष पुग्दासम्म किन पुल बनाएन ? समयमै पुल बनेको भए भारतीय सुरक्षाकर्मीको अभद्र व्यवहार सहनु परे पनि कमसेकम आज जयसिंहले त अकामै ज्यान गुमाउनु पर्ने थिएन । धामीले अकालमै जीवन गुमाउनुमा भारतीय सीमा सुरक्षाका बलका जवानसँगै समयमै पुल नबनाउने ठेकेदारको पनि दोष छ । सरकारले पुल निर्माणमा ढिलाई हुनुको कारण पत्ता लगाई तिव्र गतिमा पुल निर्माणको कार्य सुचारु गर्नुपर्दछ ।

### व्यवस्थित तुइन

हामीले जति जे भने पनी ब्याँस जोड्ने छोटो मार्ग नबनुन्जेलसम्म या दार्चुला तिंकर सडकको स्तरोउन्नती नहुन्जेलसम्म ब्याँस बासी जनताको लागि दार्चुला सदरमुकाम आवतजावत गर्न, दैनिक उपभोग्यका सामग्री तथा औषधि उपचारको लागि सजिलो र छोटो माध्यम भनेकै तुइन हो । भारतीय बाटो भएकाले अब नेपाल सरकारले भारत सरकारसँग समन्वय गरेर दुवै देश तर्फ सुरक्षाकर्मी खटाई निश्चित समयका लागि नचुडिने गरी बलियो तुइन लगाउनु पर्छ । नभए २०७४/०७५ मा दुम्लिङमा लगाए जस्तो नेपाल भारतको प्रशासनिक सहमतिमा काठे पुल लगाउनु पर्छ ।

# बेलायत र अमेरिकाद्वारा आफ्ना नागरिकलाई तत्काल अफगानिस्तान छाड्न आग्रह



**काठमाडौं/एजेन्सी–** अफगानिस्तानबाट अमेरिकी नेतृत्वमा रहेको विदेशी सैनिकको फिर्ता प्रक्रिया बढेपछि तालिवान विद्रोहीले आफ्नो गतिविधिलाई देशभर बढाएको र यसका कारण सुरक्षा अवस्था बिग्रँदै गएको भन्दै संयुक्त राज्य अमेरिका र बेलायतले आफ्ना नागरिकलाई तत्काल अफगानिस्तान छाड्न आग्रह गरेका छन् ।

अफगानिस्तानको सुरक्षा अवस्था कमजोर बनेकोले अन्तर्राष्ट्रिय आतंकवादी समूहहरूले अफगानिस्तानमा आफ्ना नागरिकहरूलाई लक्षित आक्रमण हुन सक्ने चिन्ता बेलायतको विदेश मन्त्रालयले प्रकट गरेको छ । काबुलस्थित अमेरिकी राजदूतावासले तत्काल हवाई टिकट खरिद गर्न नसक्ने अवस्थामा रहेका आफ्ना नागरिकलाई ऋण उपलब्ध गराउने समेत जानकारी गराएको छ । अमेरिकाले आफ्ना नागरिकहरूलाई व्यापारिक उडानहरूबाट फर्कन र दूतावासले गर्ने आपत्कालीन उद्धारमा भर नपर्न आग्रह गरेको छ ।

प्रान्तीय राजधानी तालिबानको कब्जामा

अफगानिस्तानमा निरन्तर आफ्नो प्रभाव बढाउँदै लगेको तालिबानले प्रान्तीय राजधानीमा पनि आफ्नो नियन्त्रण कायम गरेको छ । दक्षिण पश्चिमी प्रान्त निमरोजको राजधानी जारान्ज तालिबानले कब्जा गरेको हो ।

तालिबानको नियन्त्रणमा गएको यो पहिलो प्रान्तीय राजधानी हो । ग्रामीण क्षेत्रमा प्रभाव रहेको तालिबानले शहरी क्षेत्रलाई पनि निशाना बनाइरहेको छ । सोही क्रममा शुक्रबार तालिबानले जारान्ज नियन्त्रणमा लिएको हो ।

यो वर्ष (सन् २०२१) को शुरुदेखि तालिबानले सुरु गरेको कब्जा अभियान अन्तर्गत उनीहरुले विजय प्राप्त गरेको पहिलो प्रान्तीय राजधानी बनेको छ । स्थानीय अधिकारीहरुले तालिबानले राजधानी कब्जा गरेको पुष्टि गरेका छन् । सरकारी सुरक्षा बलका लागि यो गम्भीर धक्का हो । अमेरिकीसहितका विदेशी सैनिकको अन्तिम समूह फिर्ता हुने क्रम जारी रहेका बेला तालिबानले आफ्नो प्रभाव बढाउँदै लगेको छ ।

पश्चिमको हेरात, दक्षिणको कान्दाहर र लश्कर गाहसहितका प्रमुख शहरहरु पनि तालिबानको निरन्तर दबाबमा छन् । ती क्षेत्रमा सरकारी सुरक्षा बललाई नियन्त्रण कायम गरिरहन गाह्रो परिरहेको छ ।

अफगानिस्तानका लागि संयुक्त राष्ट्रसंघीय दूत डेबा लायन्सले अफगानिस्तानमा जारी युद्ध नयाँ घातक र बिनासकारी चरणमा प्रवेश गरेको शुक्रबार बताएकी छन् । गएको महिना मात्रै एक हजार भन्दा धेरै सर्वसाधारणको ज्यान गएको उनले जानकारी दिइन् ।

अफगानिस्तान गम्भीर विपद र विनास तर्फ उन्मुख भएको भन्दै उनले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदले शहरी क्षेत्रमा भएका आक्रमण तत्काल रोक्नका लागि वक्तव्य जारी गर्नु पर्नेमा जोड दिएकी छन् ।

तालिबानले इरानसँगको सीमा क्षेत्र नजिक रहेको जारान्ज कब्जा गरेको दाबी ट्वीटर मार्फत गरेको हो । तालिबानका कमाण्डरले समाचार संस्था रोयटर्ससँग भनेका छन्, 'यो त सुरुवात मात्रै हो, हेर्देजानुस् अरु प्रान्तीय राजधानीहरु चाँडै नै हाम्रो कब्जामा आउने छन् ।'

सामाजिक सञ्जालमा पोस्ट गरिएका तस्बिरहरुमा सरकारी भवनहरुबाट सामान लुट्दै गरेको देखिएको छ । तालिबान लडाकुहरुले स्थानीय विमानस्थल तथा शहरको प्रवेशद्वारमा तस्बिर खिचाएको देखिएको छ ।

निमरोजकी डेपुटी गभर्नर रुह गुल खैर्जादले बिना भिडन्त जारान्ज शहर तालिबानको नियन्त्रणमा गएको बताएकी छन् । अफगान सरकारले पर्याप्त सुरक्षाबल प्रदान गरेको आरोप उनीसहित स्थानीय अधिकारीको भनाई छ । उनले भनेकी छन्, 'जारान्ज केही समयदेखि जोखिममा थियो, तर केन्द्र सरकारका कसैले पनि हाम्रो आग्रह सुनेनन् ।'

सन् २०१६ पछि पहिलोपटक तालिबानले प्रान्तीय राजधानीमा नियन्त्रण कायम गरेको हो । सन् २०१६ मा तालिबानले केही समयका लागि उत्तरी क्षेत्रको कुन्दुज शहरमा नियन्त्रण बनाएका थिए ।

अमेरिकाले २० वर्षदेखि जारी सैन्य अभियान अन्त्य गर्ने घोषणा गर्दै आफ्ना सैनिकहरु फिर्ता लैजान थालेपछि तालिबानको गतिविधि बढेको हो । अधिकांश अमेरिकी सैनिक फिर्ता भइसके पनि अमेरिकाले अफगान सैनिकको सहयोगमा हवाई आक्रमण भने जारी राखेको छ ।

**अफगानिस्तानमा थप ३८५ लडाकू मारिए**

अफगानिस्तानमा सुरक्षा कारबाहीमा परी थप ३८५ तालिवान लडाकू मारिएका छन् । सरकारी अधिकारीले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भएका घटनामा परी अरु २१० जना घाइतेसमेत भएका छन् ।

देशको रक्षा मन्त्रालयका अधिकारीले देशका विभिन्न ठाउँमा भएका घटनामा सुरक्षाकर्मीलाई ठूलो सफलता प्राप्तसमेत भएको जनाएका छन् । विषेश गरेर नानगार्हार, जोगार, घज्नी, पक्तीका, मैदान वार्दाक, कान्दहर, हेरात, फाराह, ज्वोजान, सामान्गान, हेल्मन्ड, ताखार, बाघलान र कापिसा प्रान्तमा घटना भएका हुन् ।

पछिल्ला केही हप्ता अफगानिस्तनमा सुरक्षा कारबाहीमा परी मृत्यु भएकाको संख्यामा वृद्धि भएको पाइएको छ । तालिवान लडाकूले देशका विभिन्न सहरलाई आफ्नो नियन्त्रणमा रहेको घोषणा गर्न थालेपछि सरकारी सुरक्षाकर्मीले पनि सुरक्षा कारबाही बढाएका हुन् ।

# सुडानमा झडप हुँदा दर्जनौंको मृत्यु



**काठमाडौं/एजेन्सी–** दक्षिण सुडानको नाइल क्षेत्रमा सरकारी सेना र यहाँका उपराष्ट्रपतिको दल र उहाँ विरोधी गुटहरूबीच शनिबार व्यापक झडपहरू भएका छन् । दक्षिण सुडानका उपराष्ट्रपति रिक माचरको 'पिपुल्स लिबरेसन आर्मी–इन–अपोजिसन' (एसपिएलए–आइओ) का प्रतिद्वन्द्वी गुटहरूबीच भएका घातक लडाइँमा दुई उच्च सैनिक अधिकारीसहित दर्जनौं सरकारी सेनाको मृत्यु भएको माचरका सैनिक प्रवक्ताद्वारा जारी एक वक्तव्यमा उललेख गरिएको छ ।

झडपमा प्रतिद्वन्द्वी सैन्य लडाकूको पनि ठूलो समूहलाई क्षति पुगेको उनले बताए । माचरका प्रतिद्वन्द्वीहरूले यस हप्ता पार्टी र यसका सैन्य बलको प्रमुखको रूपमा उनलाई पदबाट हटाइएको घोषणा गरेपछि झगडा चर्किएको स्थानीय समाचारहरूले बताएका छन् ।

झडपका कारण पाँच वर्षको गृहयुद्ध समाप्त गरी गरिएको कमजोर शान्ति सम्झौता कार्यान्वयनका लागि सैनिकमाथि थप दबाब पर्न सक्ने बताइएको छ । पार्टीका प्रतिद्वन्द्वी जनरल साइमन गाटवेच डुयलको नेतृत्वमा सशस्त्र फौजले माचरका समूहमाथि माथिल्लो नाइल राज्य क्षेत्रमा आक्रमण गरिएको उक्त हमलामा संलग्न 'समूहलाई घृणा' स्थानीयले विरोध गरेका प्रवक्ता कर्नल लाम पल गाब्रियलले बताए ।

माचरको एसपीएलए–आईओ फौजले दुई उच्च पदस्थ सैनिक अधिकारी र २७ भन्दा बढी 'शत्रु' सिपाहीहरूको हत्या गरेको थियो भने आफ्नो समूहका तीन जना व्यक्तिको मृत्यु भएको उनले बताए । यो लडाइँको स्वतन्त्र पुष्टि हुन भने सकेको छैन । गाटवेच डुअलको पक्षबाट घटनाबारे गरिएका अनुरोधहरूबारे तत्काल कुनै प्रतिक्रिया प्राप्त हुनसकेको छैन ।

डुएल र अर्का लेफ्टिनेन्ट जनरललाई सीमा पार गरेर सुडानमा उद्धार गरिएको दाबी गरेका छन् । साथै आफ्ना पक्षका वफादार सैनिकलाई माचरको इलाकामा जाइलाग्न आह्वान गरिएको गब्रियलले बताए ।

'एसपीएलए–आईओ नेतृत्वले सुडान सरकारलाई सुडानमा यी दुईलाई कायम राखेर आफ्नो तटस्थता कायम राख्न र उनीहरूलाई फर्केर त्यस क्षेत्रमा बढी असुरक्षा उत्पन्न गर्न नदिन अनुरोध गर्दछ,' उनले अंग्रेजीमा जारी प्रकाशित एक विज्ञिप्तिमा भनिएको छ ।

# भारतमा दैनिक संक्रमित दरमा कमी



**काठमाडौं/एजेन्सी–** भारतमा कोरोनाभाइरसबाट दैनिक संक्रमितको संख्यामा कमी आएको छ । शुक्रवार सार्वजनिक गरिएको विवरणको तुलनामा शनिबार सार्वजनिक गरिएको विवरणमा दैनिक संक्रमितको संख्यामा कमी देखिएको हो । शुक्रबारभन्दा शनिवारको विवरणमा झण्डै छ हजार कमी देखिएको सरकारी अधिकारीले जानकारी दिएका छन् ।

शनिबार सार्वजनिक गरिएको विवरणअनुसार पछिल्लो २४ घण्टामा भारतमा ३८ हजार ६२८ जना नयाँ संक्रमित थपिएका छन् । जवकी शुक्रबार सार्वजनिक गरिएको विवरणमा ४४ हजार ६४३ जना नयाँ संक्रमित भएको उल्लेख थियो । सरकारी अधिकारीका अनुसार पछिल्लो एकै दिनमा ४० हजार १७ जना कोरोनाभाइरसबाट संक्रमणमुक्त भएका छन् ।

एउटै समयावधिमा नयाँ संक्रमितको संख्याभन्दा संक्रमणमुक्त भएकाको संख्या धेरै भएकाले अहिले संक्रमित अवस्थामै रहेकाको संख्या घटेको छ । भारतमा अहिले संक्रमित अवस्थामै रहेकाको कूल संख्या चार लाख १२ हजार १५३ रहेको छ । जवकी अघिल्लो दिन चार लाख १४ हजार १५३ रहेको थियो ।

सरकारी अधिकारीका अनुसार भारतमा अहिलेसम्म कुल संक्रमितको संख्या तीन करोड १८ लाख ९५ हजार ३८५ पुगेको छ । तीमध्ये १.२९ प्रतिशत मात्रै अहिले संक्रमित अवस्थामै रहेका छन् । संक्रमित भएर पनि अहिले संक्रमणमुक्त भइसकेकाको संख्या भने तीन करोड १० लाख पुगेको भारतको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट संक्रमित भएर चार लाख २७ हजार ३७१ जनाको मृत्यु भएको छ । तीमध्ये ६१७ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो । सरकारी अधिकारीका अनुसार भारतमा अहिलेसम्म ४७ करोड ८३ लाख जनाको कोरोना परीक्षण गरिएको छ । भारतमा पछिल्लो एक दिनमा ४९ लाख ५५ हजार १३८ जनालाई कोरोनाभाइरस विरुद्धको खोप लगाइएको छ । योसँगै अहिलेसम्म खोप लगाएकाको संख्या ५० करोड १० लाख नौ हजार ६०९ पुगेको छ ।

# ग्रीसमा भीषण डढेलो

**काठमाडौं/एजेन्सी–** ग्रीसमा फैलिएको भीषण डढेलोका कारण दुईजनाको ज्यान गएको छ । ग्रीसका विभिन्न क्षेत्रमा केही दिनदेखि डढेलो फैलिएको छ । अनियन्त्रित डढेलो लागेका ६ क्षेत्रहरुलाई उच्च सतर्कता क्षेत्रमा राखिएको छ ।

एथेन्सको उत्तरी क्षेत्रमा धुवाँको मुस्लो फैलिएको छ । स्थानीय बासिन्दाहरुलाई घर छोडेर सुरक्षित स्थानमा जान भनिएको छ । आगो निभाउन खटिएका ३८ वर्षका अग्निनियन्त्रकको बिजुलीको पोलले लागेर मृत्यु भएको छ । यस्तै एथेन्स चेम्बर अफ कमर्सका अध्यक्षको पनि डढेलोमा परेर मृत्यु भएको छ ।अरु २० जना घाइते भएका छन् । ग्रीसभर अहिले १५४ डढेलो सक्रिय छन् । अत्यधिक गर्मी तथा हावाका कारण आगो निभाउन कठिन भइरहेको छ । ग्रीसको छिमेकी देश टर्कीमा पनि इतिहासकै गम्भीर डढेलो लागेको छ । टर्कीमा डढेलोका कारण ८ जनाको ज्यान गएको छ भने प्रभावित भएको दक्षिण क्षेत्रका दशौं हजार मानिस बिस्थापित भएका छन् ।

# जुलाईमा बेरोजगारी दर ५.४ प्रतिशतमा झरेको अमेरिकाकी दाबी

काठमाडौं/एजेन्सी- अमेरिकी अर्थतन्त्रमा सुधारको संकेत आइरहेको समय जुलाईमा नौ लाख ४३ हजार थप व्यक्तिले नयाँ रोजगारीका अवसर पाएको शुक्रबार सार्वजनिक गरिएको सरकारी तथ्यांकमा उल्लेख छ । महामारीका कारण उद्योगहरूले गरेको कष्टकर संघर्षपछि पछिल्ला केही महिनामा उद्योगहरू सामान्य अवस्थामा फर्किने कसरत गरिरहेका छन् ।

केही अर्थशास्त्रीहरू महामारीका कारण अझै पनि लाखौं रोजगारीका अवसरहरू स्थापित हुन नसकेको बताइरहेका समय अमेरिकी श्रम मन्त्रालयद्वारा सार्वजनिक तथ्यांकले भने बेरोजगारीको दरमा आधा अंकले कमी आएको र ५.४ प्रतिशतसम्म कायम भएको देखाएको छ ।

कोभिड-१९ नियन्त्रणका लागि अमेरिकाले व्यापक खोप अभियान चलाएको र यसबाट महामारीलाई नियनत्रणको बाटोमा ल्याइएको सरकारको दावी छ । आर्थिक गतिविधि सामान्य हुन थालेपछि काममा जोडिने क्रमले गति लिन थालेको छ । तर अर्थतन्त्र महामारी पूर्वको स्तरभन्दा रोजगारीको संख्या अझै ५७ लाख कम रहेको छ । गैर-कृषि क्षेत्रमा रोजगारीका अवसरहरू अझै पूर्ववत अवस्थामा आउन नसकेको बताइएको छ ।

पर्यटन क्षेत्रमा खासै सुधार नदेखिएको भएपनि कृषि तथा सार्वजनिक शिक्षा क्षेत्रमा रोजगारीको दर क्रमश: तीन लाख ८० हजार र दुई लाख २० हजारले बढेको छ । अश्वेत कामदारहरूको रोजगार दर अघिल्लो महिनाबाट घटेर ८.२ प्रतिशत पुगेको छ यद्यपि श्रम शक्तिको सहभागितामा गिरावट चिन्तित देखिएको छ । 'श्रम बजारमा पूर्णतया सुधार देखिएको छैन भन्ने अर्को संकेत अमेरिकामा अझै ४५ लाख मानिसहरू आंशिक समय काम गरिरहेको अवस्थाबाट थाहा हुन्छ, पूर्ण-समय काम पाउन सक्ने अवस्था अझै बन्न सकेको छैन ।' रिपोर्टमा भनिएको छ ।

जुलाईमा निर्माण क्षेत्रमा ११ हजार उत्पादन क्षेत्रमा २७ हजार रोजगारीका अवसर थपिएका छन् । प्रप्त पछिल्लो तथ्यांक अनुसार राष्ट्रव्यापी रूपमा प्रतिघण्टा औसत आय ११ सेन्टबाट ३०.५४ अमेरिकी डलर पुगेको छ ।

# अमेरिकामा ५० प्रतिशतलाई पूर्ण खोप

काठमाडौं/एजेन्सी- अमेरिकामा अहिलेसम्म आधा जनसंख्याले मात्रै कोरोनाभाइरसविरुद्धको पूर्ण खोप लगाएका छन् । विश्वकै अति विकसित, सचेत, सुविधा सम्पन्न र शक्तिशाली मानिने मुलुकमा नै अहिलेसम्म ५० प्रतिशतले मात्रै पूर्ण खोप लगाएका हुन् ।

पछिल्लो एक हप्तामा ११ प्रतिशत मानिसले खोप लगाएको पाइएको छ । दुई हप्ता अगाडि ४४ प्रतिशतले मात्रै पूर्ण खोप लगाएको अधिकारीले जनाएका छन् । खोप लगाउनेको संख्या तीव्ररुपमा बढ्दै जाने अपेक्षा गरिएको पनि अधिकारीले बताएका छन् ।

अपेक्षितरुपमा धेरै मानिसले खोप नलगाएपछि अमेरिकी सरकारले खोप लगाउन देशवासीलाई पटकपटक विषेश अनुरोध गर्दै आएको छ । खोप लगाउनेको संख्या बढाउन अमेरिकी सरकारले विभिन्न प्याकेजसमेत ल्याएको छ । अमेरिकी सरकारले केही दिन अगाडि खोप लगाउनेलाई १०० डलर दिने घोषणासमेत गरेको थियो ।

कोरोनाभाइरसका विभिन्न भेरिएन्टको महामारीका कारण अमेरिकामा अहिलेसम्म तीन करोड ६४ लाखभन्दा बढी संक्रमित भएका छन् । त्यसैगरी छ लाख ३२ हजार ६४१ जनाको कोरोनाका कारण मृत्यु भएको छ ।

# पाकिस्तानमा भएको हिंसाको निन्दा

**काठमाडौं/एजेन्सी–** संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले हालै पाकिस्तानमा भएको हिंसात्मक हमलाको कडा शब्दमा निन्दा गरेको छ । परिषद्ले शुक्रबार एक विज्ञप्ति प्रकाशन गरेर पाकिस्तानमा भएको सो हमला एक प्रकारको कायर र क्रुर आतंकवादी हमला भएको बताएको छ ।

पाकिस्तानी उत्तरपश्चिमी प्रान्त खैबर पाक्थुन्क्वामा सो आतङ्ककारी हमला भएको थियो । त्यस आक्रमणमा परेर नौ जना चिनियाँ नागरिक र तीन जना पाकिस्तानी नागरिकको ज्यान गएको थियो ।

गएको जुलाई १४ मा भएको सो आतंककारी हमला मानवता विरुद्धको अपराध भएको भन्दै संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले त्यस हिंसात्मक हमलामा संलग्न भएका जो सुकैलाई भएपनि कडाभन्दा कडा कारबाही गर्नुपर्नेमा जोड दिएको छ ।

संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्द्वारा जारी भएको विज्ञप्तिमा दोषीलाई कानुनी दायरमा ल्याएर कडाभन्दा कडा कारबाही गर्नुपर्ने मागगर्दै यस्ता हिंसात्मक कार्यले कसैको पनि माग पूरा नहुने बताइएको छ ।

विज्ञप्तिमा सो हमलामा परी ज्यान गुमाएकाप्रति श्रद्धाञ्जलि व्यक्ति गरिएको छ र उनीहरुका परिवारप्रति हार्दिक समवेदना व्यक्त गरिएको छ ।


## साउदीमा रोजगार | कम्पनी: BRILLIANT GOLD COMPANY LIMITED शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०१/०६ चलानी नं.: ६०१५७६०८ LT. No.: 239383 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 76 | 0 | स. काममा दक्ष | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन ३२ गते (16 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

ब्लु बर्ड ओभरसिज प्रा. लि. License No.: 308/059/060

कालोपुल-३३, काठमाडौं, फोन : ४४३६८०२, ४४३८६०५, मो. : ९८०२०५०५७१

E-mail : info@bluebirdoverseas.com, www.bluebirdoverseas.com



## आवश्यकता

DOCUMENTATION OFFICER

एक प्रतिष्ठित म्यानपावर कम्पनीको लागि उल्लेखित कर्मचारीको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ निवेदन दिनुहोला ।

- अंग्रेजी भाषा राम्रोसँग बोल्ने, लेख्ने, Computer मा All round Documentation + MOFA सम्बन्धि काम जान्ने हुनुपर्ने छ ।
- म्यानपावर क्षेत्रमा कम्तीमा २ बर्ष काम गरेको हुनुपर्ने ।
- स्थानियलाई प्राथमिकता दिईनेछ ।

तलब आपसी सहमतिमा तय गरिनेछ ।

सम्पर्क: फोन: ९८१०३२३५७१



## साउदीमा रोजगार | १. कम्पनी : IBRAHIM BIN MOHAMMED BIN IBRAHIM AL QAZLAN FOOD STUFF EST. शहर : RIYADH

पुर्व स्वीकृत मिति: २०७७/१२/१६ चलानी नं.: ६०१५६३०० LT. No.: 238124

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

७. कम्पनी : CENTRAL ASIAN RESTAURANT TO PROVIDE MEALS शहर : RIYADH

पुर्व स्वीकृत मिति: २०७७/१२/१६ चलानी नं.: ६०१५६३०३ LT. No.: 238113

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, सिनामंगल, काठमाडौंमा साउन ३१ गते (15 Aug. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ईजाजत पत्र नं. १७२/०५६/५७

Work Force Services Pvt. Ltd.

Sinamangal-9, Airport, Kathmandu, Nepal

Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915

E-mail : info@workforce.com.np, Website: www.workforce.com.np

# ‘फिल्मबाट कसरी कमाउने प्लेटफर्म तयार गर्दैछौं’




**अहिले चलचित्र क्षेत्र धराशायी जस्तै छ । यसलाई फेरि पुरानो भन्दा पनि राम्रो र व्यवस्थित गर्नका लागि निर्मातालाई चलचित्र बनाउनेदेखि लिएर चलाउनेसम्मको लागि के के गर्नु पर्छ त्यसको गृहकार्य गर्दैछु ।**

**सबैभन्दा पहिलो कुरा त निर्मातालाई बचाउन फिल्म नै चल्नु पर्‍यो । हामी फिल्मबाट कसरी कमाउने प्लेटफर्म तयार गर्दैछौं । दर्शकको रूचीको फिल्म बन्दा कमाई हुन्छ भने क्रमिक रूपमा फिल्म बन्छ । मेरो पहिलो फोकस नै यही हो ।**

**हलहरू यसरी बन्द हुँदै जाने हो भने त राज्यलाई पनि ठूलो नोक्सान हुन्छ । हजारौं बेरोगार हुने अवस्था छ । प्रविधिको बढ्दो प्रयोगसँगै नेपाली चलचित्रलाई पनि डिजिटललाइज गर्ने हो कि भन्ने विषयमा अध्ययन र छलफल भइरहेका छ ।**

## धर्मेन्द्र मरबैता
**अध्यक्ष, चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्ड**

भोजपुरी तथा मैथली फिल्म क्षेत्रमा आफ्नो पृथक पहिचान बनाउन सफल नायक, निर्माता धर्मेन्द्र मरबैताको कला यात्रा दश वर्षको कलिलो उमेरबाट शुरु भएको हो । स्कुले जीवनमा गाउँमा मञ्चन हुने नाटकबाट अभिनय थालेका उनले दिल्लीको स्टेजदेखि मुम्बाईको आशाचन्द्र प्रशिक्षण केन्द्रबाट एक्टिङ कोर्ष सक्काएर मैथली फिल्मबाट नायकको रुपमा दर्शकमाझ देखा परेका हुन् भने उनले दर्जन बढी फिल्म र केही सिरियलमा काम गरेका छन् । धर्मेन्द्र मरबैता यतिबेला प्रदेश नं २ को चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डका अध्यक्ष छन् ।

मुलधारको चलचित्रसँगै भोजपुरी, मैथली, थारु आदि भाषिक चलचित्रको विकास र प्रवर्द्धनमा खटिरहेका उनी नेपाल चलचित्र विकास बोर्डका पुर्व अध्यक्ष हुन् । नेपाली चलचित्र क्षेत्रलाई नजिकबाट बुझेका मरबैता नेपालमा चलचित्रकर्मीहरुको जीवन त्यति सहज नभएको बताउँछन् । प्रदेश नं.२ मा फिल्म सिटी निर्माण कार्यलाई अगाडि बढाईरहेका चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डका अध्यक्ष **धर्मेन्द्र मरबैताले मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**सँग गरेको संक्षिप्त कुराकानीको सम्पादित अंशः

**अहिले केमा ब्यस्त हुनुहुनछ ?**

निषेधाज्ञाको समय भएकोले खासै काम गर्न पाइरहेको छैन । भावी योजनाको बारेमा छलफलमै ब्यस्त छु ।

चलचित्र बिकास बोर्डको अध्यक्ष रहिसक्नु भएको र अहिले प्रदेश नं.२ को बोर्ड अध्यक्ष हुनुहुन्छ, नेपाली चलचित्र क्षेत्रका लागि के सोच बनाउनु भएको छ ?

केन्द्रले के गर्दैछ थाहा भएन । प्रदेश दुईको बोर्ड भर्खर दुई महिनाबाट सञ्चालनमा आएको छ । प्राथमिकताको आधारमा कार्यतालिका अनुसार काम अगाडि बढाउने सोचमा छौं ।

**भाषिक चलचित्रको प्रवर्द्धनका लागि बोर्डको अवधारणा के छ ?**

भाषिक चलचित्र प्रवर्द्धनका लागि बोर्डले निर्मातालाई चलचित्र बनाउनेदेखि चलाउनेसम्मको व्यवस्था गर्ने अवधारणा साथ तयारी गर्दैछ ।

**फिल्म सिटीको कुरा कहाा पुग्यो ?**

चलचित्रकर्मीलाई एकै ठाउँमा सुटिङको लागि सबै पुर्वाधार दिने उद्देश्यले फिल्म सिटीको अवधारणा ल्याएको थिएँ, तर केन्द्रीय बोर्डले गर्न सकेन, प्रदेशमा तयारी गर्दैछु ।

जसको लागि दुई सय बीघा जमिन लिइसकेको छु अब अरु प्रक्रिया अगाडि बढ्छ । प्रदेश दुईले बजेट पनि दिइसकेको अवस्था छ, अब चाँडै शुरु हुन्छ ।

**चलचित्र विकास बोर्डमा रहादा उल्लेखनीय काम के गरेजस्तो लाग्छ ?**

चलचित्र विकास बोर्ड गठन भएपछि धेरै काम भएको थिएन । मैले केही प्रयास गरें । बुँदागत रुपमा भन्ने हो भने १, चलचित्र नीति बनाउने काम मेरै पालामा, २, बक्सअफिस पुर्वाधार तयार, ३, राष्ट्रिय चलचित्र पुरस्कारलाई मर्यादित गर्न राष्ट्रपति कार्यालयमा राष्ट्रपतिबाट वितरणको सुरुवात गर्नु, ४, सेलिब्रेटी कार्डको अवधारणा आदि छन् ।

**सेलिब्रेटी कार्डको कुरा उठाउनु भएको थियो सेलायो त ?**

सेलिब्रेटी कार्डको अवधारणा ल्याएँ तर म गएपछि यो कुनै पनि काम ढंगले अगाडि बढ्न सकेन । फिल्म सिटी, सेलिब्रेटी कार्ड दिने भिजन नै अलग थियो । त्यसको केही उद्देश्य थियो । त्यसबाट चलचित्रकर्मीलाई केही सुविधा दिने कुरा थियो । क्याबिनेटबाट पास गरेर दिनु पर्ने तर हुन सकेन ।

**कोभिड शुरु भएयता हजारौं कलाकार, प्राविधिक बेरोजगार बनेका छन्, उनीहरुको सहयोगका लागि के सोच्नु भएको छ ?**

कलाकार, प्राविधिकहरु यतिबेला ठूलो मर्कामा परेका छन् । निषेधाज्ञाका कारण चलचित्रको काम हुन नसक्दा उहाँहरु अप्ठेरोमा परेको कुरालाई मनन् गर्दै के गर्न सकिन्छ भन्ने विषयमा अध्ययन भैरहेको छ ।

**तपाई त मैथली चलचित्रको नायक पनि विगत सम्झादा कस्तो लाग्छ ?**

ती दिनहरु बिर्सन सकिन्न । अभावका बाबजुद पनि हामी दिन रात नभनी खुशीका साथ काम गथ्यौ । त्यही समयलाई सम्झेर अहिले चलचित्रकर्मीको लागि केही गरौं गरौं हुन्छ । जे गर्छु आफ्नै क्षेत्रका लागि गर्छु जस्तो फिल हुन्छ ।

**निर्माता पनि तपाई अब चलचित्र बनाउने सोच छ कि छैन ?**

छ, यही बेला हो अगाडि आउने । आफु अगाडि नआए अरुले कसरी विश्वास गर्छ ।

**चलचित्र क्षेत्र धरासायी बन्दैछ, पुरानै अवस्थामा फर्काउन के गर्नु पर्ला ?**

अहिले चलचित्र क्षेत्र धराशायी जस्तै छ । यसलाई फेरि पुरानो भन्दा पनि राम्रो र व्यवस्थित गर्नका लागि निर्मातालाई चलचित्र बनाउनेदेखि लिएर चलाउनेसम्मको लागि के के गर्नु पर्छ त्यसको गृहकार्य गर्दैछु ।

**चलचित्रमा लगानी सुरक्षित गर्न के गर्नुपर्ला ?**

सबैभन्दा पहिलो कुरा त निर्मातालाई बचाउन फिल्म नै चल्नु पर्‍यो । हामी फिल्मबाट कसरी कमाउने प्लेटफर्म तयार गर्दैछौं । दर्शकको रुचीको फिल्म बन्दा कमाई हुन्छ भने क्रमिक रुपमा फिल्म बन्छ । मेरो पहिलो फोकस नै यही हो ।

**हलहरु क्रमशः बन्द हुादैछ, दर्शकसम्म चलचित्र पुर्‍याउने भरपर्दो माध्यम के हुन सक्छ ?**

चलचित्रकर्मीको लागि यो नराम्रो कुरा हो । हलहरु यसरी बन्द हुँदै जाने हो भने त राज्यलाई पनि ठुलो नोक्सान हुन्छ । हजारौं बेरोगार हुने अवस्था छ । प्रविधिको बढ्दो प्रयोगसँगै नेपाली चलचित्रलाई पनि डिजिटललाइज गर्ने हो कि भन्ने विषयमा अध्ययन र छलफल भइरहेका छ ।

**चलचित्रकर्मीको हितका लागि के गर्दै हुनुहुन्छ ?**

चलचित्रकर्मीहरुको हितका लागि मैले छुट्टै भिजन बनाएको छु र काम पनि भइरहेको छ । काम पूरा भएपछि मिडियालाई जानकारी गराउने छु । क्षणिक सस्तो लोकप्रियताका लागि भन्दा पनि दिर्घकालीन चलचित्र क्षेत्रको हितको विषयमा सोच्नु पर्छ ।

# स्रजल र प्रिजा ‘ती आँखामा’ गायन प्रतियोगितामा उत्कृष्ट



**काठमाडौं/मस–** केही समयअघि दिवंगत भएका बरिष्ठ गायक/संगीतकार प्रेमध्वज प्रधानप्रति श्रद्धासुमन अर्पण स्वरुपमा एशियन म्यूजिक प्रा.लि.ले प्रधानको गीतको कभर गायन प्रतियोगिता गरेको छ ।

दिवंगत गायक प्रधान र गायिका केन्जुमा सुब्बाको स्वरमा रहेको ’ती आँखामा’ गीतको प्रतिस्पर्धामा स्रजल महर्जन र प्रिजा मिश्राको जोडी प्रथम भएको छ । यो प्रतियोगिताको फाइनलका लागि ११ जोडी गायक गायिका चयन भएका थिए । उनीहरु मध्येबाट निर्णायकमा अंकको आधारमा महर्जन र मिश्रको जोडी प्रथम भएको आयोजक संस्था एशियन म्युजिकका अध्यक्ष इश्वर गुरुङले बताएका छन् । बिजेता महर्जन र मिश्रले पुरस्कार स्वरुप युगल स्वरमा एउटा गीत रेकर्ड गर्न पाउने भएका छन् । उनीहरुको त्यो गीतको भिडियो पनि आयोजक संस्थाले निर्माण गर्ने भएको छ ।

यस्तै यो प्रतियोगितामा सुमित श्रेष्ठ र युनिशा शेर्पा देशारको जोडी द्वितीय भएको छ । द्वितीय जोडीले पुरस्कार स्वरुप युगल स्वरमा एउटा गीत आयोजक कम्पनीको तर्फबाट रेकर्ड गर्न पाउने भएका छन् । यो प्रतियोगिताको लागि देशभरबाट १७३ जोडीले आफ्नो स्वरमा गीत रेकर्ड गरेर भिडियो पठाएका थिए । जसमध्यबाट श्रजल र प्रिजा उत्कृष्ट भएका हुन् ।

६ वर्ष अघि रिलिज भएको यो गीतमा जुगल डँगोलको संगीत र डब्बु क्षत्रीको शब्द रहेको थियो । यो प्रतियोगिताका बिजेता र उत्कृष्ट ११ पर्न सफल प्रतिस्पर्धीलाई चाँडै काठमाडौंमा एक समारोह आयोजना गरेर प्रमाणपत्र प्रदान गरिने भएको छ । बिजेताहरुको स्वरमा गीत पनि चाँडै रेकर्ड गरिने भएको छ ।

यो कभर गायन प्रतियोगिताको निर्णायकमा यही गीतका गीतकार डब्बु क्षत्री, संगीतकार जुगल डँगोल र गायिका केन्जुमा सुब्बा रहेको थिए । यी तीन जनाको निर्णयक टीमले उत्कृष्ट गायक गायिका चयन गरेको हो ।

# ‘हेर्दा हेर्दै’ सार्वजनिक



**काठमाडौं/मस–** अमेरिका जस्तो ठाउँमा ब्यस्त जीवन बिताइरहेका युवा निर्देशक सुमन दाहालले फुर्सदको समयमा नेपाली गीत संगीतलाई माया गर्दै आइरहेका छन् । यसैको पछिल्लो उदाहरण हो ‘हेर्दा हेर्दै’ म्युजिक भिडियो ।

सुदन डोटेलको शब्द, सरोज प्याकुरेलको संगीत, मनोहर सुनामको संगीत संयोजन रहेको गीतमा कृष्ण काफ्ले र रिता केसीको मिठो स्वर संग्रहित छ ।

भिडियोमा भुवन लोहनी र रञ्जिता ढकालले अभिनय गरेका छन् भने विकाश गुरुङको कोरियोग्राफी, सुमन दाहालको निर्देशन, भुपेन्द्र अधिकारीको सम्पादन रहेको ‘हेर्दा हेर्दै...’ गीतको म्युजिक भिडियो पवन गौतमले खिचेका हुन् । भिडियो मोडल भुवन लोहनीको जन्मदिनको अवसर पारेर सम्राट क्रियशन युट्युव च्यानल मार्फत सार्वजनिक गरिएको छ ।

# शर्लिन चोपडालाई सोधपुछका लागि बोलाइयो




**काठमाडौं/एजेन्सी–** पोर्न चलचित्र निर्माण मामिलामा आज अभिनेत्री शर्लिन चोपडालाई सोधपुछका लागि बोलाइएको छ । यस मामिलामा अभिनेत्री शिल्पा शेट्टीका पति तथा व्यवसायी राज कुन्द्रा न्यायिक हिरासतमा छन् । शर्लिनलाई प्रोपर्टी सेलको अफिसमा बिहान ११ बजे बोलाइएको छ । उनले राज कुन्द्राको कम्पनी ‘आर्म्सप्राइम मिडिया’सँग करार गरेकी थिइन् । करार अन्तरगत भारतभन्दा बाहिर रहेका कम्पनीका केही एपलाई अश्लीलल सामग्री उपलब्ध गराइन्थ्यो ।

शर्लिनले पनि राज कुन्द्रामाथि विभिन्न आरोप लगाएकी थिइन् । शर्लिनका अनुसार राज कुन्द्राले उनलाई वयस्क फिल्म क्षेत्रमा धकेलेका हुन् । राजले नै उनलाई वयस्क फिल्ममा काम गर्न भनेका थिए । सबैभन्दा पहिलो एउटा रोलका लागि शर्लिन एप्रोच गरिएको र पछि वयस्क सामग्री निर्माण गर्ने अफर गरिएको थियो । राजले उनलाई ’हटसट’ एपका लागि सुटिङ गर्न भनेको तर त्यसलाई शर्लिनले अस्वीकार गरेको बताएकी छन् । शर्लिनले अप्रिल २०२१ मा राजविरुद्ध एफआईआर दर्ता गरेकी थिइन् । राज हाल १४ दिनका लागि न्यायिक हिरासतमा छन् । उनलाई अदालतले २८ जुलाईमा जमानत दिन अस्वीकार गरेको थियो । शर्लिनका अनुसार राज २७ मार्च २०१९ मा उनको घर आएका थिए । राजले उनीमाथि जबरजस्ती गरेको पनि आरोप लगाएकी छन् । शर्लिनले राजलाई विवाहित पुरुषसँग सम्बन्ध नराख्ने र व्यवसायलाई निजी जीवनसँग नमिसाउने बताएको दाबी गरेकी छन् ।

# भारत र बंगलादेशसँग मैत्रीपूर्णको तयारी

**दिवस ढकाल/मध्यान्ह**
काठमाडौं, २३ साउन

नेपाली फुटबल टिमले अब केही समय पोखरामा बन्द प्रशिक्षण गर्ने भएको छ। अहिले साफ च्याम्पियनसिपको तयारीमा रहेको नेपाली टिमले काठमाडौंमा बन्द प्रशिक्षण गरेर अहिले दश दिनका लागि विदा दिइएको छ।

नेपाली टिमका मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरी र अखिल नेपाल फुटबल संघ एन्फाका वरिष्ठ उपाध्यक्ष पंकज विक्रम नेम्वाङको विवादका कारण अवरुद्ध जस्तै बनेको प्रशिक्षण बुधबारदेखि पोखरामा शुरु हुने छ। नेपाली टिमले तीन साता पोखरामा अभ्यास गर्ने छ। त्यसका लागि नेपाली टिम मंगलबार पोखरा प्रस्थान गर्ने छ।

नेपाली टिमका प्रशिक्षक अल्मुताइरी अहिले मैदान निरिक्षणका लागि उतै पोखरामा रहेका छन्। साफ च्याम्पियनसिप जित्ने लक्ष्यका साथ शुरुमा ५० जना खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाइएको थियो। त्यसबाट १४ जना हटाएर ३६ जना अहिले राष्ट्रिय टिमको बन्द प्रशिक्षणमा रहेका छन्।

अक्टोबरमा साफ च्याम्पियनसिप गर्ने तयारी गरिएको छ। त्यसअघि नेपाली टिमले मैत्रीपूर्ण फुटबल खेल पनि खेल्ने छ। नेपालले सेप्टेम्बर दुई र पाँच तारिखमा काठमाडौंमा मैत्रीपूर्ण फुटबल खेल खेल्ने पक्का भएको एन्फाले जनाएको छ। यसैगरी सेप्टेम्बरमै बंगलादेशसँग पोखरामा पनि मैत्रीपूर्ण खेल खेल्ने योजना रहेको एन्फाले जनाएको छ। बंगलादेशसँग खेल पक्का भएमा नेपालले साफ च्याम्पियनसिप अगाडि तीन वटा मैत्रीपूर्ण खेल खेल्न पाउने छ। सेप्टेम्बरको शुरुका १० दिन एन्फाले पनि मैत्रीपूर्ण खेलका लागि 'विन्डो' राखेकाले नेपालले भारत र बंगलादेशसँगको तयारी अघि बढाएको हो।



# बार्सिलोनामा मेस्सीको 'फेरवेल'

**काठमाडौं/एजेन्सी-** बार्सिलोनामा करिव दुई दशक भन्दाबढी समय बिताएका लियोनल मेस्सीले आफ्ना समर्थकलाई अन्तिम पटक बिदाई माग्ने भएका छन्।

ला लिगाको आर्थिक नियमका कारण बार्सिलोनासँग नयाँ सम्झौता गर्न नपाउने भएपछि बाहिरिने पक्का भएका मेस्सीले आइतबार पत्रकार सम्मेलन गरेर आफ्ना समर्थकबाट बिदाई माग्ने भएका हुन्। पछिल्लो पटक आफ्नो बाल्यकाल देखिको क्लवसँगको नयाँ सम्झौता नहुने भएपछि निकै निरास भएका मेर्स्सीले अहिलेसम्म कुनै प्रतिक्रिया दिएका छैनन्। तर उनले बार्सिलोना छोड्ने पक्का भएपछि अन्तिम पटक क्लव र आफ्ना समर्थकलाई बाईबाई भन्ने भएका छन्। १७ बर्ष बार्सिलोनाको सिनियर टिमबाट खेलेका मेस्सीले २१ बर्ष सो क्लवका जर्सी लगाएका थिए। पत्रकार सम्मेलनमा मेस्सीसँग उनको परिवारका केहि सदस्य हुनेछन्। यसका साथै युभेन्टसविरुद्धको खेलमा बार्सिलोनाका कुनै पनि खेलाडीले १० नम्वर जर्सी नलगाउने भएका छन।




# ब्राजिलले जित्यो फुटबलमा स्वर्ण पदक

**काठमाडौं/एजेन्सी-** टोकियो ओलम्पिक २०२० अन्तर्गत ब्राजिलले लगातार दोस्रो पटक पुरुष फुटबलमा स्वर्ण पदक जितेको छ। शनिबार फाइनलमा स्पेनलाई २-१ ले हराउँदै ब्राजिल पदक रक्षा गर्न सफल भएको हो।

निर्धारित ९० मिनेटको खेल १-१ को बराबरीमा सकिएपछि खेल अतिरिक्त समयमा लम्बिएको थियो। अतिरिक्त समयको दोस्रो हाफमा माल्कमले गोल गर्दै ब्राजिललाई अग्रता दिलाएका थिए। त्यसअघि ब्राजिलले निर्धारित ९० मिनेटमा आक्रामक खेल प्रस्तुत गर्दै अग्रता लिए पनि जित हासिल गर्न भने सकेको थिएन। खेलको ३८ औं मिनेटमा रिचार्लीसनले पेनाल्टी चुकाउँदा ब्राजिल अग्रता लिनबाट चुकेको थियो। उनले गरेको प्रहार पोस्टभन्दा निकै बाहिर गएपछि खेल बराबर नै रहयो। तर पहिलो हाफको इन्ज्युरी समयमा माथिअस कुन्हाले गोल गर्दै अग्रता दिलाए। दायाँ विंगबाट आएको क्रसलाई स्पेनका डिफेन्डरले क्लिअर गर्न नसक्दा कुन्हाले सहजै गोल गरेका थिए। दोस्रो हाफको ६१ औं मिनेटमा मिकेल ओयाराज्बलले स्पेनलाई बराबरीमा ल्याए।



# टोकियो ओलम्पिक : एथ्लेटिक्समा भारतलाई पहिलो स्वर्ण




**काठमाडौं/एजेन्सी-** टोकियो ओलम्पिक २०२० अन्तर्गत एथ्लेटिक्सको ज्याभलिन थ्रोमा निरज कुमारले भारतलाई पहिलो स्वर्ण दिलाएका छन्। निरजले ८७.५८ मिटरको प्रदर्शनसहित स्वर्ण पदक जितेका हुन्। २३ वर्षीय चोपडाले जारी ओलम्पिकमा भारतलाई पहिलो स्वर्ण दिलाएका छन्। १५औं दिनमा आइपुग्दा दक्षिण एशियाबाट भारतले मात्र स्वर्ण पदक जितेको छ।

भारतले यसअघि रजत र काँस्य जितिसकेको छ। चोपडाले सुरुवातमा नै ८७ मिटर टाढा फालेर अग्रता लिएका थिए। दोस्रो थ्रो अझ टाढा फालेका थिए। उनको थ्रोलाई कुनैपनि खेलाडीले उछिन्न सकेनन्। भारतले १ स्वर्ण, २ रजत र ४ कास्य जितेको छ। भारोत्तोलनमा मिराबाई चानुले रजत पदक जित्दै भारतको पदकको सिलसिला शुरु भएको थियो।

कुस्तीमा रवी दहियाले पनि रजत जितेका थिए। भारतले निरजको स्वर्ण सहित टोकियो ओलम्पिकमा पदक संख्या ७ पुऱ्याएको छ। भारतले ओलम्पिकको एथ्लेटिक्समा कुनैपनि पदक जितेको यो पहिलो अवसर हो। भारतले हक्कीबाहेक अन्य खेलमा स्वर्ण जितेको यो दोस्रो अवसर हो। यसअघि सुटिङका अभिनव बिन्द्राले सन् २००८ को बेजिङ ओलम्पिकमा स्वर्ण जितेका थिए।

# नेपाली मुलकी अस्मिता आले टोटेनहममा अनुबन्धित

काठमाडौं, एजेन्सी- नेपाली मुलकी अस्मिता आले मगर इंग्लिस क्लब टोटेनहम हटस्परमा अनुबन्धित भएकी छिन्। १९ वर्षीय डिफेन्डर अस्मितालाई टोटेनहमले शुक्रबार एस्टन भिल्लाबाट दुई वर्षको लागि अनुबन्ध गरेको जनाएको छ।

उनले टोटेनहममा १३ नम्वरको जर्सी लगाउनेछन्। अस्मिता गत सिजन एस्टन भिल्लाको उत्कृष्ट खेलाडी घोषित हुँदै 'प्लेयर अफ द सिजन' चुनिएकी हुन्। अस्मिताले गत सिजनको वुमन्स सुपर लिगमा १८ खेल खेलेकी थिइन्।

इंग्ल्यान्डको यू-१९ टिमकी सदस्य समेत रहेकी अस्मिताले एस्टन भिल्लाको उमेर समूहमा उत्कृष्ट प्रदर्शन गरेपछि क्लबले व्यवसायिक सम्झौता गरेपछि २०१८ मा एस्टनको सिनियर टिममा डेब्यु गरेकी थिइन्।



# पुरुष भलिबलको स्वर्ण पदक फ्रान्सलाई




**काठमाडौं/एजेन्सी-** टोकियो ओलम्पिक अन्तर्गत पुरुष तर्फको स्वर्ण पदक फ्रान्सले जितेको छ।

शनिबार भएको फाइनलमा रसियन ओलम्पिक कमिटीलाई ३-२ को सेटमा पराजित गर्दै फ्रान्सले स्वर्ण पदक जित्न सफल भएको हो।

लगातार दुई सेट जित्दै स्वर्ण पदक नजिक पुगेको फ्रान्सविरुद्ध रसियन ओलम्पिक टिमले निकै चुनौती दिएको थियो। पहिलो सेट २५-२३ ले जित्दै अग्रता लिएको फ्रान्सले दोस्रो सेट २५-१७ ले आफ्नो पक्षमा पारेको थियो। तेस्रो र चौथो सेटमा रसियन टिमले उत्कृष्ट कमब्याक गर्दै फ्रान्समाथि २-२ को सेट बराबरी गरेको थियो।

रसियन टिमले दुवै सेट २५-१७, २५-१७ ले जितेको थियो। त्यसपछि अन्तिम सेटको खेल पनि निकै प्रतिस्पर्धात्मक बनेको थियो। जसमा फ्रान्सले १५-१२ले जित निकाल्दै स्वर्ण पदक पक्का गर्न सफल भयो। फ्रान्सले भलिबलमा पहिलो पटक स्वर्ण पदक जित्न सफल भएको छ।

# मैत्रीपूर्ण फुटबलमा म्यानचेस्टर युनाइटेडको जित




**काठमाडौं/एजेन्सी-** मैत्रीपूर्ण फुटबलमा म्यानचेस्टर युनाइटेडले फराकिलो जित दर्ता गरेको छ। एभर्टनविरुद्ध शनिबार खेलेको खेलमा म्यानचेस्टर युनाइटेड ४-० गोल अन्तरले विजयी भएको हो।

प्रिमियर लिगको प्रि-सिजन टुर अन्तर्गत खेलिएको एभर्टनसँगको खेलमा युनाइटेडले आठौं मिनेटमा नै अग्रता बनाएको थियो। उसका लागि ग्रिनउडले गोल गरेका थिए। १५ औं मिनेटमा युनाइटेडले डिफेन्डर हेरी मगुइराको गोलमा अन्तर दुई शुन्यमा पुऱ्याएको थियो। १७ औं मिनेटमा युनाइटेडले अर्को उत्कृष्ट मौका खेर फालेको थियो। तर २९ औं मिनेटमा फर्नान्डेसले गोल गर्दै म्यानयुलाई तीन शुन्यले अगाडि राखेका थिए। पहिलो हाफमा तीन गोलको अग्रता बनाएको युनाइटेडविरुद्ध ५८ औं मिनेटमा एभर्टनका लुकासले प्रहार गरेको बल बारमा लागेर बाहिर गएको थियो। खेलको इन्जुरी समयको दोस्रो मिनेटमा युनाइटेडले चौथो गोल थपेको थियो। यसपटक उसका लागि डालोटले गोल गरेका थिए।


**Air-Conditioner को अधिकतम बिक्री मुल्य MRP सम्बन्धि सूचना**

यस प्रा. लि. Sherpa and company Pvt. Ltd. बाट पैठारी गरेको Air-Conditioner को अधिकतम बिक्री मुल्य निम्न बमोजिम भएको ब्होरा सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| S.N | Brand | PRODUCT | Description | MRP (NRS) |
|---|---|---|---|---|
| 1 | Distar | Air-conditioner DHA-2021-1TWB | DHA-2021-1TWB | 49361.93 |
| 2 | Distar | Air-conditioner DHA-2021-1.5TWB | DHA-2021-1.5TWB | 63322.75 |

**बिक्रेता फर्मको नाम : शेर्पा एड कम्पनी प्रा. लि.**
**ठेगाना : बसुन्धारा काठमाडौं, नेपाल ।**
**स्थाइ लेखा नं. ३००१८५३३९**



**वृन्दावन नगरपालिका**
**नगरपालिकाको कार्यालय**
विश्रामपुर, रौतहट
प्रदेश नं. २ नेपाल

**सूची दर्ता गर्ने सम्बन्धी सुचना**

**प्रथम पटक प्रकाशित मिति : २०७८/०४/२४**

यस वृन्दावन नगरपालिकाको लागि आ.व. २०७८/०७९ मा निम्न अनुसारको वस्तु तथा सेवा आपुर्ती गराउन सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को प्रयोजनको लागि सूची दर्ता गर्नुपर्ने भएकोले सम्बन्धित व्यवसाय गर्ने ईजाजत प्राप्त ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तपसिल मध्ये कुन कामको लागि सुचिकृत हुन चाहेको हो स्पष्ट उल्लेख गरी यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. मसलन्द कार्यालय सामान तथा अन्य आवश्यक सामान आपुर्ति तथा मर्मत कार्य।
२. छपाई तथा व्याण्डिङ्ग कार्य।
३. फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी आपूर्ति तथा मर्मत कार्य।
४. कार्यालय उपकरणः कम्प्युटर प्रिन्टर, यु.पि.एस. फोटोकपी मेशिन, क्यामरा, ए.सी. फ्रिज, कार्टेज र अन्य विविध सामाग्रीहरु आपुर्ती तथा मर्मत।
५. नेटवर्किङ्ग, ईन्टरनेट तथा वेवसाईटको डिजाईन, सफटवेयरको कार्य।
६. पत्रपत्रिका तथा पुस्तक आपुर्ति कार्य।
७. ईलेक्ट्रिक तथा ईलेक्ट्रोनिक्सको सामान आपुर्ति सम्बन्धी कार्य।
८. निर्माण सामाग्री आपुर्ति र निर्माण कार्य।
९. सवारी साधन आपुर्ति तथा मर्मत।
१०. अफिस उपकरण, कम्प्युटर, फोन, फ्याक्स, फोटोकपी, प्रिन्टर, ईन्टरनेट, ईन्टरकम तथा ईलेक्ट्रीकल सामानहरु आपुर्ति तथा मर्मत कार्य।
११. सूचना प्रकाशन तथा प्रशारण सम्बन्धी कार्य।
१२. भवन, भौतिक संरचना मर्मत सम्बन्धी कार्य।
१३. हेण्डपाईप, पोलिथिन पाईप, हयुम पाईप, जिआई पाईप, सरसफाई उपकरण आपुर्ति तथा मर्मत।
१४. कृषि तथा पशु सेवा संग सम्बन्धित सामग्री तथा उपकरणहरु खरिद।
१५. स्वास्थ्य सेवा संग सम्बन्धित औषधि, सामग्री तथा उपकरणहरु खरिद।
१६. विभिन्न सिपमुलक तथा आय आर्जन सम्बन्धी तालिम संचालन।
१७. सौर्य उर्जा सम्बन्धी सामग्री तथा उपकरण खरिद तथा जडान।
१८. विविध परामर्श सेवा।

**पेश गर्नुपर्ने कागजात :**

१. फर्म कम्पनी तथा संस्था दर्ता वा ईजाजतपत्र तथा नविकरण/अध्यावधिकको प्रतिलिपि।
२. स्थायी लेखा नम्बर तथा मुल्य अभिवृद्धिकर दर्ता तथा आ.व. २०७७/०७८ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि (मु अ करमा दर्ता हुन नपर्ने भए सोको प्रमाण)।
३. सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ बमोजिमको कालो सूचीमा नपरेको व्यहोराको लिखित जानकारी।

**अन्य जानकारीहरु :**

१. आवश्यक कागजातहरुको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कुनै कारवाही हुने छैन।
२. प्राप्त निवेदन सुचिकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।
३. यस सूचनामा उल्लेख कुरा यसै बमोजिम अन्य कुराहरु प्रचलित ऐन, कानुन अनुसार हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**सिरहा**
**प्रशासन फाँट**

**हकदावी गर्न आउने ३५ दिने सूचना**

**प्रकाशित मितिः २०७८/०४/२२**



विभिन्न निकायको प्रतिवेदन अनुसार बाजे, बुबा र आमाको नाम थाहा नभएको नेपाल सरहद भित्र बेवारिसे अवस्थामा सिरहा जिल्लाको चोहर्वा चोकमा बाटोमा खाना माग्दै हिड्दै गरेको मिति २०६१/०९/१५ गने अ. वर्ष ५ को रहेको बेला सिरहा न.पा. वडा नं. ५ मा बस्ने शेख हैदर अलिको छोरा रिजवाना खातुनको पति मो. आवीदले ल्याई लालन पालन गरेको र निज नाबालक बच्चाको नामाकरण पालन कर्ताले उमैर आविद सिद्धिकी राखि हाल सबालक भई नागरिकता बनाउन प्रयोजनार्थ यस जिल्ला प्रशासन कार्यालय सिरहामा उपस्थित भएकोले चिन्ने जान्ने आफन्तहरुको हकमा आधिकारिक प्रमाण लिई दावी गर्न सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र जिल्ला प्रशासन कार्यालय सिरहामा सम्पर्क राख्न आदेशानुसार अनुरोध छ।

**प्रशासकीय अधिकृत**

सर्वोत्तम सिमेन्टको शेयर खरिद प्रकरण

# स्पष्टीकरण पछि अर्थमन्त्रालयले ओटीसी विवरणमा छानविन थाल्दै

**सागर तिमिल्सिना/मध्यान्ह**
काठमाडौं, २३ साउन ।

सर्वोत्तम सिमेन्टको सेयर खरिद प्रकरणमा अर्थमन्त्रालयले स्कट एक्सचेन्ज (नेप्से)सँग सेयर कारोबार विवरण (ओटीसी) माग गरेको छ । मन्त्रालयले आइतबारसम्मको समयसीमा दिँदै विवरण पेश गर्न भनेको हो ।

धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुंगाना, धितोपत्र बोर्डका सञ्चालक समिति सदस्य चन्द्र ढकाल तथा नेप्सेको सीइओ चन्द्रसिंह साउदले आफ्ना परिवारका सदस्यको नाम सर्वोत्तम सिमेन्टको संस्थापक सेयर किनेको तथ्य फेला परेपछि अर्थले स्पष्टीकरण सोध्ने कार्य गरिरहेको छ । यस प्रकरणसँगै सर्वोत्तम सिमेन्टको बुक बिल्डिङ प्रक्रियाबाट आइपीओ ल्याउने कार्य पनि विवादमा परेको छ ।

यसअघि अर्थले धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुंगाना र नेपाल स्टक एक्सचेन्ज (नेप्से)का प्रमुख कार्यकारी अधिकृत चन्द्रसिंह साउदसँग स्पष्टीकरण सोधेको थियो । उक्त जवाफ चित्त बुझ्दो नभएपछि अर्थमन्त्रालयले थप छानविनका लागि शुक्रबार नेप्सेसँग कम्पनीको ओटीसी मगाएको हो । आरोपित ढुंगाना र साउदले स्पष्टीकरण दिएसँगै अर्थले थप अनुसन्धानका लागि ओटीसी दिन भनेको हो ।

आरोपित ढुंगाना र साउदले स्पष्टीकरणमा नेप्सेमा सुचिकरण नभएको कम्पनीको सेयर खरिद गदर्ता भित्रि कारोबार गरेको ठहर नहुने दाबी गरेका छन् । साथै बोर्डका अध्यक्ष ढुंगानाले छोरीको विवाह भएको बताउँदै एकाघरकी सदस्यको रुपमा लिन नमिल्ने तर्क गरेका छन् ।






**चन्द्रसिंह साउद**
**सीइओ, नेप्से**



**भीष्मराज ढुंगाना**
**अध्यक्ष, धितोपत्र बोर्ड**



**चन्द्र ढकाल**
**सञ्चालक, धितोपत्र बोर्ड**

अर्थले दुवैको स्पष्टीकरणबारे अध्ययन गरिहेको जनाएको छ । स्पष्टीकरण र ओटीसीको छानबिन पछि निष्कर्षमा पुग्न सकिने अर्थको भनाई छ ।

### नियोजित देखिएको अर्थको प्रारम्भिक धारणा


अर्थमन्त्रालयका एक उच्च अधिकारीका अनुसार शेयर खरिद प्रकरणलाई प्रारम्भिक रुपमा हेर्दा नियोजित खालको छ देखिएको बताए । साथै कानुनलाई उल्लंघन गरिएको देखिएको बताए ।

उनका अनुसार यसमा अन्तिम निष्कर्ष अहिले नै दिन नसकिने भए पनि संलग्नहरु कारबाहीको भागिदार बन्ने स्थिति देखिएको बताए ।

बजारमा सर्वोत्तम सिमेन्टको कुल ६० लाख कित्तामध्ये ११ हजार ९१२ कित्ता सेयर धितोपत्र बोर्डका अध्यक्ष ढुंगानाले आफ्नी छोरी रेबिका ढुंगानाको नाममा, १ लाख १९ हजार ११७ कित्ता सेयर उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले आफैं सहोदर भाइ हेमराज ढकालको नाममा र १० हजार कित्ता सेयर नेप्सेका अध्यक्ष चन्द्रसिंह साउदले आफ्नी श्रीमती सुशीलाकुमारी बोहराको नाममा भित्री चलखेलका आधारमा खरिद गरेको कुरा बाहिरिएको थियो । कानुनलाई मिच्दै यसरी कारोबार गरेको कुरा सार्वजनिक भएसँगै अर्थले छानबिन थालेको हो ।

## साताको शेयर बजार

# ६४ अर्ब ५२ करोडको कारोबार




**रासस**
काठमाडौं, २३ साउन ।

जलविद्युत् कम्पनीको संस्थापक शेयरमा लगानी गरेका लगानीकर्ताको तीन वर्षको 'लकिङ पिरियड' सकिएपछि धमाधम मूल्य बढाएर बिक्री गर्न थालेपछि धितोपत्र बजारमा नयाँ नयाँ कीर्तिमान देखिन थालेको छ । लगानीकर्ताका आत्मविश्वासको मात्रामा वृद्धि भएको छ भने साधारण शेयर बिक्री गर्ने कम्पनीको सङ्ख्यामा पनि वृद्धि भएको छ ।

बैंक तथा वित्तीय संस्थामा एथेष्ट मात्रामा तरलता भएको र लगानीको अन्य क्षेत्र विस्तार हुन नसकेपछि अधिकांशको ध्यान शेयर बजारमा केन्द्रित भएको छ । सोही कारण शेयर बजारमा कारोबार मापक नेप्सेमा लगातार वृद्धि देखिएको छ । कारोबार रकमसमेत यस साता रु १५ अर्बभन्दा बढी देखिएको छ ।

साउन लागेपछि लगातार उकालो लागेको नेप्सेले यस साता तीन हजार १०० बिन्दुको यात्रा गरिरहेको छ । नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक गर्ने तयारी गरिरहेको जनाएको छ । केन्द्रीय बैंकले केही दिन पहिले बैंक तथा लघुवित्त संस्थाको लाभांश वितरणमा कडाइ गरे पनि बजारमा त्यसको खासै प्रभाव परेको जस्तो देखिँदैन ।

नेपाल स्टक एक्सचेन्जका अनुसार साताभर औसतमा २२६ कम्पनीको कूल १० करोड ४० लाख २४ हजार ९११ कित्ता शेयर कारोबार भयो । कूल रु ६४ अर्ब ५२ करोड ८७ लाख ३२ हजार ९६६ मूल्य बराबरको शेयर किनबेच भयो ।

साताको पहिलो दिन लगानीकर्ताको ध्यान जलविद्युत् कम्पनीको शेयरमा देखिएको थियो । सो दिन अधिकांश जलविद्युत् कम्पनीको शेयर मूल्यमा उछाल आएको थियो । जलविद्युत् उपसमूहको शेयर ७९.९१ बिन्दुले वृद्धि भएको छ । व्यापार ७०.६५, लघुवित्त ६५.२१ र उत्पादन उपसमूहको शेयर ३४.७८ बिन्दुले उकालो लागेको थियो ।

त्यसदिन सिनर्जी हाइड्रोपावर, कालिका पावर घलेम्दी हाइड्रोपावर, युनिभर्सल पावर, ग्रीन लाइफ हाइड्रोपावर र जीवन विकास लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको थियो । यस्तै डादी ग्रुप अफ पावर ९.८३, सिइडिबी हाइड्रोपावर ९.६३, रैराङ हाइड्रोपावर ९.४५ र माउन्टेन हाइड्रोका लगानीकर्ताले ८.८४ प्रतिशतले कमाए । तर नेप्सेमा भने झिनो सुधार मात्रै भई १.२५ बिन्दुले बढेर तीन हजार ८१.०५ मा पुगेको थियो ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १.२४ बिन्दुले बढेर ५७२.१५ मा पुगेको थियो । कूल २२६ कम्पनीको तीन करोड तीन लाख ४२ हजार ३५२ कित्ता शेयर रु १२ अर्ब १० करोड ३८ लाख ७१ हजार ८६२ मूल्यमा खरिद बिक्री भए । त्यस दिनको कारोबार पछि बजार पूँजीकरण रु ४२ खर्ब ८५ अर्ब ८४ करोड ४५ लाख ७३ हजार ८७२ बराबर पुगेको नेप्सेको विवरणमा उल्लेख छ ।

साताको दोस्रो दिन सोमबार नेप्से परिसूचक झिनो अंकले बढ्यो । नेप्से ४.०६ बिन्दुले उकालो लागेर तीन हजार ८५.०७ मा पुग्यो । कारोबारका आधारमा अरुण काबेली पावर शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको रु ३७ करोड ७५ लाख ४७ हजार ६५० बराबरको कारोबार भयो । त्यस दिन घलेम्दी हाइड्रोपावरको शेयर १० प्रतिशतले वृद्धि हुँदा सकारात्मक सर्किट लाग्यो । कूल २२६ कम्पनीको दुई करोड १८ लाख ९४ हजार २०९ कित्ता शेयर रु १० अर्ब ९८ करोड ३५ लाख ९९ हजार ९४ मूल्यमा खरिद बिक्री भए । सोमबारको कारोबारपछि बजार पूँजीकरण रु ४२ खर्ब ९८ अर्ब ११ करोड ७१ लाख ७६ हजार ९६६ बराबर पुग्यो । कारोबार भएका १३ उपसमूहमध्ये सोमबार पाँच उपसमूहको शेयर परिसूचक उकालो लाग्दा आठ उपसमूहको ओरालो लाग्यो ।

साताको तेस्रो दिन मंगलबार नेप्से परिसूचकले कीर्तिमान कायम गर्यो । लगातार उकालो लाग्दै आएको नेप्सेले नयाँ इतिहास कायम गर्यो । नेप्से २६.०२ बिन्दुले उकालो लागेर तीन हजार १११.०९ मा पुग्यो । यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ५.०६ बिन्दुले बढेर ५७७.५२ मा पुग्यो । मंगलबारको कारोबारपछि बजार पूँजीकरण रु ४३ खर्ब ४२ अर्ब २३ करोड २७ लाख ६१ हजार ८०० बराबर पुग्यो ।

कूल २२३ कम्पनीको दुई करोड ११ लाख २९ हजार ८८ कित्ता शेयर रु ११ अर्ब ५२ करोड ९२ लाख १७ हजार ७७४ मूल्य बराबरको कारोबार भयो । नेप्सेका अनुसार पाँचथर पावर कम्पनी र रुरु जलविद्युत् कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भयो ।

यस्तै जीवन विकास लघुवित्त ९.९९ र युनियन लाइफ इन्स्योरेन्सको शेयर ९.९८ प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो भने घलेम्दी हाइड्रोपावर लगानीकर्ताले ९.९८ प्रतिशतले कमाए । कारोबारका आधारमा अपि पावर कम्पनी शीर्ष स्थान रही रु ४६ करोड ८२ लाख १७ हजार बराबरको कारोबार भयो । साताको चौथो दिन बुधबार नेप्सेमा अर्को इतिहास कायम भयो । लगातार नयाँ इतिहास कायम गर्दै अगाडि बढेको नेप्सेमा दोहोरो अंकको सुधार देखियो । त्यसदिन १२.०५ बिन्दुले उकालो लागेर नेप्से तीन हजार १२३.१४ मा पुग्यो । यो हालसम्मकै उच्च बिन्दु हो ।

यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ०.७१ बिन्दुले बढेर ५७८.२३ मा पुग्यो । कूल २२५ कम्पनीको दुई करोड ८८ लाख १३ हजार ८३१ कित्ता शेयर रु १५ अर्ब ५९ करोड ५७ लाख ९४ हजार २७१ मूल्यमा खरिद बिक्री भए । कारोबार भएका कूल १३ उपसमूहमध्ये बुधबार सात उपसमूहको शेयर ओरालो लाग्यो भने छ उपसमूहको शेयर मूल्यमा वृद्धि भयो । त्यसदिन पनि अधिकांश लगानीकर्ता जलविद्युत् कम्पनीको शेयरमा आकर्षित भए । जलविद्युत् कम्पनीले संस्थापक शेयर धमाधम बिक्री गरेका कारण पनि बजारमा जलविद्युत् कम्पनीको शेयरमा चाप परेको छ ।

## संक्षिप्तमा अर्थ

### इसेवामार्फत् जहाज टिकट काट्ने हरेक यात्रुले उपहार पाउने

**काठमाडौं/मस–** भुक्तानी सेवा प्रदायक इसेवामार्फत् हवाइ जहाज टिकट काट्दा हरेक यात्रुले आकर्षक उपहार जित्न सक्ने भएका छन् । नेपालको आन्तरिक उडानतर्फ कुनै पनि गन्तव्यमा जाने हवाइ यात्रु यस योजनामा सहभागी हुनेछन् । यो योजना एक महिनासम्म सञ्चालन हुनेछ ।

यस योजना अन्तरर्गत इसेवामार्फत हवाइ टिकट काट्ने हरेक यात्रुले अमार्या फेशन हाउसमा सपिङ गर्दा २० प्रतिशत छुट पाउनेछन् ।

यस्तै टाइटानमा सपिङ गर्दा १० प्रतिशत छुट पाइने छ भने भोजमा १० हजार हजार भाग्यशाली यात्रुले २० प्रतिशत अथवा रू २५० सम्मको छुट पाउने छन् ।

यस्तै हरेक यात्रुले आगामी ६ महिनाभित्रमा अर्को हवाई यात्राका क्रममा रि-सेड्युल गर्नुपरेमा त्यसका लागि लाग्ने शुल्क समेत इसेवाले बेहोर्ने छ ।

यस योजनामा सहभागी हुनका लागि इसेवामा केवाइसी भेरिफाइड भएको हुनु पर्नेछ भने इसेवा एपमार्फत् टिकट काट्नु पर्नेछ । मोबाइल तथा इन्टरनेटको माध्यमबाट भुक्तानी गर्न सकिने सेवा दिएको इसेवामा हाल प्रत्यक्ष रूपमा खाता खोल्नेको संख्या करिब ४५ लाख रहेको छ ।

यसैगरी अप्रत्यक्ष रूपमा करिब एक करोड ६० लाख जनसंख्याले इसेवामार्फत् सेवा लिइरहेका छन् । हाल इसेवाका देशभर करिब एक लाख १५ हजारभन्दा बढी एजेन्ट (इसेवा जोन तथा पोइन्ट) रहेका छन् । हाल इसेवामा मर्चेन्टको संख्या तीन लाख नाघिसकेका छन् ।

इसेवाबाट इन्स्योरेन्स्को प्रिमियम भुक्तानी, शेयर कारोबारको भुक्तानी गर्न सकिनुका साथै मोबाईल, टेलिफोन, इन्टरनेट, बिजुली तथा खानेपानीको महशुल भुक्तानी, रिचार्ज, हवाइजहाज, बसको टिकट, स्कुल कलेजको लगायतका शुल्क भुक्तानी गर्न सकिन्छ । इसेवामा हाल ५० वटा बैंक तथावित्तीय संस्था सदस्य रहेका छन् । यी बैंकबाट इसेवामा सहजै रकमजम्मा गर्न तथा इसेवाबाट बैंक खातामा रकम पठाउन सकिन्छ ।

### एनएलजी इन्स्योरेन्सको प्रस्तावित लाभांश पारित

**काठमाडौं/मस–** एनएलजी इन्स्योरेन्स कम्पनीको प्रस्तावित १०.५२६३ प्रतिशत लाभांश पारित भएको छ । साउन २१ गते सम्पन्न कम्पनीको १५औं वार्षिक साधारणसभाले सञ्चालक समितिको उक्त प्रस्तावलाई पारित गरेको हो ।

यससँगै शेयरधनीले आर्थिक वर्ष २०७६/७७ को नाफाबाट चुक्ता पुँजीको १० प्रतिशत र कर प्रयोजनको लागि ०.५२६३ प्रतिशत नगद गरी कूल १०.०५२६३ प्रतिशत लाभांश पाउने छन् ।

सभाले आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७७ असार मसान्तको वासलात, गत आर्थिक वर्षको नाफा नोक्सान र नगद प्रवाह विवरणहरु छलफलहरु पारित गरेको छ ।

कम्पनीले आर्थिक वर्ष २०७६/७७ मा कूल बीमा शुल्क आम्दानी एक अर्ब ८० करोड ७ लाख रुपैयाँ र खुद बीमा शुल्क आम्दानी ६४ करोड ६४ लाख रुपैयाँ गरेको छ । त्यस्तै, इन्स्योरेन्सले २६ करोड २६ लाख रुपैयाँ खुद नाफा गरेको छ ।

कम्पनीको कूल लगानीमा गत आर्थिक वर्षको तुलनामा ९ प्रतिशतले वृद्धि भई असार मसान्तमा २ अर्ब ३१ करोड ८ लाख रुपैयाँ पुगेको छ । त्यस्तै, आर्थिक वर्ष २०७६/७७ मा कम्पनीको कुल कारोबार ८.०८ प्रतिशतले बढेर एक अर्ब ८० करोड रुपैयाँ पुगेको छ । र, इन्स्योरेन्सका सबै पोर्टफोलियोहरु निरन्तर वृद्धिमा रहेका कम्पनीले जनाएको छ ।

आफ्नो कारोबारको पुनर्बीमा विश्व प्रसिद्ध हेनोभर रीको अगुवाईमा गर्दै आएको कम्पनीले बीमालाई बढीभन्दा बढी ग्राहकसम्म पुर्याउन शाखा विस्तारलाई निरन्तरता दिँदै आइरहेको छ ।

साथै, आर्थिक वर्ष २०७६/७७ मा नेपाली कला साहित्य उत्थानका लागि कार्यरत कलासाहित्य डटकम प्रतिष्ठालाई साहित्यिक पुस्तक प्रकाशन, श्रष्टा सम्मान पुरस्कार गराउने कम्पनीले जनाएको छ ।

सभा साउन २१ गते कम्पनीको केन्द्रिय कार्यालय काठमाडौंको पानीपोखरीमा वेविनारमार्फत सम्पन्न भएको हो ।

### समृद्धि फाइनान्समा शुन्य प्रतिशतमै कन्जुमर ईएमआई कर्जा

**काठमाडौं/मस–** समृद्धि फाइनान्स कम्पनी लिमिटेड र ए टु जेड अनलाइन बजारबीच कन्जुमर ईएमआई कर्जा प्रवाह सम्बन्धी सम्झौता भएको छ ।

अब ५० हजार देखि ५ लाखसम्मको सामाग्री खरिदमा शुन्य प्रतिशत व्याजदरमा ए टु जेड अनलाइन बजार तथा फाइनान्स कम्पनीका ग्राहकहरुले ६ महिना देखि ३६ महिना सम्मका लागि उक्त कर्जा सुविधा पाउने छन् । सो सम्झौता पत्रमा फाइनान्स कम्पनीका प्रमुख कर्जा अधिकृत सुभाष श्रेष्ठ र ए टु जेड अनलाइनका कार्यकारी सञ्चालक प्रकाश पाठकले हस्ताक्षर गरे ।

फाइनान्स कम्पनीका बजार तथा व्यवसाय प्रवर्धन प्रमुख शालिकराम पन्थीका अनुसार उक्त कर्जा बैंकका नयाँ तथा पुराना ग्राहकहरुलाई मध्यनजर गर्दै बनाइएको हो ।

यो कर्जाले ग्राहकहरुलाई आवश्यक इलेक्ट्रिक ग्याजेट तथा घरायसी सामग्री खरिद गर्न सहज हुने छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
- ग्राहक बन्न परेमा
- पत्रिका नआएमा
- ठेगाना परिर्वतन भएमा
- पत्रिका वितरण सम्बन्धि कुनै पनि गुनासा भएमा ।

सम्पर्क
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298 | मो. नं.: 9851149919

विज्ञापनको लागि मध्यान्हको इमेल परिवर्तन भएको सूचना ।

मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशनका लागि नयाँ इमेल: **ad.madhyanha@gmail.com** मा पठाउन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

मध्यान्ह राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298, 4226366
मो. नं.: 9841885670

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**